
# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३०० | काठमाडौं | बुधबार, १७ फागुन २०७९ | Prabhab National Daily | Wednesday, March 01, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


बजेट कार्यान्वयन निराशाजनक

## आर्थिक क्षेत्रसम्बन्धी अधिकांश लक्ष्यमा शून्य प्रगति




■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु वर्षको सात महिना बितिसक्दा बजेट कार्यान्वयनको अवस्था निराशाजनक रहेको एक अध्ययनले औंल्याएको छ । चालु बजेटले अघि सारेका आर्थिक क्षेत्रसम्बन्धी कार्यक्रमका ५७ प्रतिशत बुँदामा शून्य प्रगति देखिएको अध्ययनको निष्कर्ष छ ।

नेपाल उद्योग परिसंघ (सिएनआई)सँगको सहकार्यमा नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले गरेको अध्ययनले आर्थिक क्षेत्रहरूसँग प्रत्यक्ष सरोकार राख्ने अधिकांश बुँदाका बजेटका नीति तथा कार्यक्रमहरूमा सन्तोषजनक प्रगति नभएको देखाएको हो ।

बजेटको प्रभावकारी कार्यान्वयनमा रचनात्मक भूमिका निर्वाह गर्दै अर्थतन्त्रलाई चलायमान बनाउन सघाउने उद्दश्यले परिसंघले सेजनसँगको सहआयोजना र पायोनियर ल एसोसिएसनसँगको बौद्धिक साझेदारीमा 'सिएनआई बजेट वाच'सुरू गरेको थियो । त्यसअन्तर्गत सिएनआईले आर्थिक विकास, लगानी तथा निजी क्षेत्रसँग सम्बन्धित ६३ बुँदा पहिचान गरेको जनाएको छ । सेजनले ती बुँदाको कार्यान्वयन अवस्थाका सम्बन्धमा हालै अध्ययन गरी तयार पारेको विवरणले चालु आवको माघ मसान्तसम्ममा आर्थिक क्षेत्रहरूसँग प्रत्यक्ष सरोकार राख्ने अधिकांश बुँदाका नीति तथा कार्यक्रमहरूमा सन्तोषजनक प्रगति नभएको देखाएको हो । चालु वर्षको माघ मसान्तसम्ममा ती बुँदाहरूमध्ये ३६ वटा बुँदाको प्रगति शून्य देखिएको प्रतिवेदनमा उल्लेख छ ।

'सिएनआईले चालु आर्थिक वर्षको बजेटमा सम्बोधनका लागि सुझाएका बुँदाहरूमध्ये करिब ४८ प्रतिशत नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम (बजेट)मा समेटिएका छन् । निजी क्षेत्रमैत्री बजेटले अर्थतन्त्रलाई समृद्धितर्फ उन्मुख हुन प्रेरित गर्ने हुँदा आर्थिक विकासका लक्ष्य हासिल गर्न सरकारले निजी क्षेत्रसँग गहिरो सहकार्यको अपरिहार्यता महसुस गरेको रूपमा यसलाई बुझिएको छ,' प्रतिवेदनमा भनिएको छ, 'तर, बजेटमा समेटिएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन पक्ष सर्वाधिक महत्त्वपूर्ण हुने भए पनि चालु वर्षको पहिलो सात महिना (माघ मसान्त) (**बाँकी पृष्ठ २ मा**)

# सांसद गुरुङ भ्रष्टाचार मुद्दामा दोषी ठहर

■ जेबी योञ्जन

**काठमाडौं–** जनप्रतिनिधिहरूको थलो प्रतिनिधिसभामा सांसदहरू घट्दै गएका छन् । गत ४ मंसिरमा भएको निर्वाचनपछि गठित २७५ सदस्यीय प्रतिनिधिसभामा अब २७२ जनामात्रै सांसद हुने भएका छन् ।

मंगलबार भ्रष्टाचारसम्बन्धी मुद्दामा नेपाली कांग्रेसका निलम्बित सांसद टेकबहादुर गुरुङ दोषी ठहर भए । यससँगै उनी स्वत: पदमुक्त भएका छन् । मनाङबाट निर्वाचित उनलाई अब कारावासमा हुने सजाय हुने भएको छ । अदालतले सजाय भने २५ फागुनमा तोक्ने प्रवक्ता दीपेन्द्रनाथ योगीले जानकारी दिए ।

विशेष अदालतले पूर्वश्रमराज्यमन्त्री गुरुङलाई समाज कल्याण परिषद् मातहत रहेको काठमाडौंको भृकुटीमण्डपको ६० रोपनी जग्गा सस्तोमा फनपार्कलाई दिएको मुद्दामा दोषी ठहर गरेको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उनीविरुद्ध फनपार्कमा मेला सञ्चालकको हैसियतमा मुद्दा चलाएको थियो ।

प्रचलित मापदण्ड र प्रक्रियाविपरीत परिषद्को ६० रोपनी जग्गा भाडामा दिने काम गरेर सरकारलाई हानी नोक्सानी पुर्‍याएको अभियोग विशेष अदालतले मंगलबार स्थापित गरेको हो । सो क्रममा ३१ करोड ५२ लाख रूपैयाँभन्दा बढीको भ्रष्टाचार भएको अख्तियारको अनुसन्धानले देखाएको थियो । अख्तियारले २१ माघ २०७५ मा उनीविरुद्ध मुद्दा दायर गरेको थियो । चार वर्षपछि मात्रै विशेषबाट फैसला आएको हो ।

६८ वर्षीय गुरुङ संसद् नभई अब कारावासमा भेटिने भएका छन् । हिमाली जिल्ला मनाङबाट प्रतिनिधिसभा सदस्यमा एमालेका पाल्देन छोपाङ गुरुङलाई टेकबहादुरले पराजित गरेका थिए । उनी




२०७० मा भएको दोस्रो संविधानसभा सदस्यमा पनि निर्वाचित भएका थिए । सुशील कोइराला नेतृत्वको मन्त्रिपरिषद्मै उनी श्रम, रोजगार तथा सामाजिक सुरक्षा राज्यमन्त्री भएका थिए । त्यतिबेला उनी १३ महिना राज्यमन्त्रीको कार्यभार सम्हाले ।

११ मंसिर २०११ मा जन्मिएका गुरुङ मनाङको ङिस्याङ गाउँपालिकाका हुन् । १० कक्षासम्मको अध्ययन गरेका उनी २०३६ सालदेखि राजनीतिमा सक्रिय छन् । बिपी कोइरालाबाट कांग्रेसको सदस्यता लिएर उनी राजनीतिमा आएका हुन् । कोइराला नेतृत्वको सरकारमा श्रमराज्यमन्त्री हुँदा पनि उनी विवादमा तानिएका थिए । उनी म्यानपावर व्यवसायी पनि हुन् । उनी २०७५ चैतमा धरौटीमा छुटेका थिए । सर्वोच्चले उनलाई त्यसबेला साधारण तारेखमा छाडेको थियो ।

सोहीअनुसार गत २३ असोजमा प्रतिनिधिसभा सदस्यमा मनाङबाट उम्मेदवारी दिँदै अन्तत: ४ मंसिरमा भएको निर्वाचनबाट निर्वाचित भए । उनले सांसदको हैसियतमा गत ७ पुसमा पद तथा गोपनीयताको शपथ ग्रहण गरे । तर, त्यसको पाँचौं दिन अर्थात् १२ पुसमा उनलाई संघीय संसद् सचिवालयले निलम्बनको सूचना जारी गर्‍यो ।

संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमले जारी गरेको सूचनामा गुरुङविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर र भ्रष्टाचारसम्बन्धी मुद्दा किनारा नलाग्दासम्म निलम्बन गरेको जनाएका थिए ।

हुन पनि अख्तियारको ऐन, २०४८ को दफा २ (घ) र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २ (घ) ले राष्ट्रसेवकविरुद्ध दायर भएको मुद्दा (**बाँकी पृष्ठ २ मा**)

### पूर्वमन्त्री न्यौपानेसहित दोषी

विशेष अदालतले फनपार्कको जग्गा सस्तोमा दिएर सरकारलाई हानी नोक्सानी पुर्‍याइ भ्रष्टाचार गरेकोसम्बन्धी मुद्दामा पूर्वमन्त्री बद्रीप्रसाद न्यौपानेलाई पनि दोषी ठहर गरेको छ । उनी पूर्वमहिला, बालबालिका तथा समाज कल्याणमन्त्री हुन् ।

भृकुटीमण्डपस्थित समाज कल्याण परिषद्को ६० रोपनी जग्गा भाडामा लगाउँदा प्रचलित मापदण्ड र प्रक्रियाविपरीत क्रियाकलाप गरी सरकारलाई हानी नोक्सानी पुर्‍याएकोसम्बन्धी अभियोगलाई अदालतले मंगलबार स्थापित गरेको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले परिषद्का तत्कालीन उपाध्यक्ष प्रमोद मेहता, कोषाध्यक्ष कुञ्जविहारीप्रसाद चौधरी, सदस्यसचिव रवीन्द्रकुमार यादव, सदस्यहरू मोहनराज शर्मा, मदनकुमारलाल कर्ण, हरि न्यौपानेलाई पनि दोषी ठहर गरेको छ ।

सरकारी जग्गामा सञ्चालित फनपार्कका प्रमुख सञ्चालक रवीन्द्र गुरुङलाई पनि सजाय हुने भएको छ । विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल र सदस्यहरू शालिग्राम कोइराला र बलभद्र बाँस्तोलाको इजलासले उनीहरूलाई दोषी ठहर गरेको हो ।

तर, यो मुद्दामा पाँच जनाले भने सफाइ पाएका छन् । प्रवक्ता दीपेन्द्रनाथ योगीका अनुसार रत्नबहादुर गाहा, बलबहादुर स्वार, मदनप्रसाद रिजाल, प्रेमसिंह धामी र जगदेव चौधरीले सफाइ पाएका हुन् । गाहा परिषद्का तत्कालीन कोषाध्यक्ष, रिमाल तत्कालीन निर्देशक, स्वार उपनिर्देशक तथा चौधरी र धामी कानुनी सल्लाहकार थिए ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## अभियन्ता समूह र व्यवसायीबीच विभागमै मुठभेड

■ प्रभाव संवाददाता

**काठमाडौं–** मंगलबार दिउँसो बुद्धनगरस्थित वैदेशिक रोजगार विभाग तनावग्रस्त बन्यो । आफूलाई सामाजिक अभियन्ता बताउने तारा बराल र उनको समूह युटचुबरहरूलाई लिएर विभागमा पुगेका थिए । छ महिनाअघि वैदेशिक रोजगारीबाट फर्किएका एक कामदारको विषय लिएर विभाग पुगेको उक्त समूहले अनावश्यक हुलहुज्जत गरेको भन्दै त्यहाँ रहेका व्यवसायीहरूले विरोध जनाए । त्यही क्रममा दुईपक्षबीच मुठभेड भएको विभागका एक अधिकारीले बताए ।

मुठभेडमा परी अभियन्ता बराल घाइते भए । उनलाई भीडमा रहेका एक व्यक्तिले हेलमेट प्रहार गरी घाइते बनाएको घटनाका प्रत्यक्षदर्शी एक व्यवसायीले बताए । 'हामी (व्यवसायी) नियमित कामकै सिलसिलामा विभागमा थियौं । तारा बरालसहितको समूह युटचुबर लिएर आएर व्यवसायीविरुद्ध हुलहुज्जत गर्न थालेपछि त्यसको विरोध गरेका हौं,' उनले भने । उनले बराललाई व्यवसायीले नभई अपरिचित व्यक्तिले हेलमेट प्रहार गरेको बताए ।

उक्त घटनापछि एक व्यवसायी र एक अभियन्तालाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उनीहरूलाई तीनकुनेस्थित प्रहरी कार्यालयमा राखिएको ती व्यवसायीले बताए ।

व्यवसायीहरूले अभियन्ताको नाममा अनावश्यक दु:ख दिने काम भइरहेकोप्रति विरोध जनाउँदै आएका छन् । म्यानपावर कार्यालयमै आएर दु:ख दिन थालेपछि व्यवसायीहरू त्यस्तो प्रवृत्तिविरुद्ध व्यवसायीहरू जुटेका थिए । 'अभियन्ताको नाममा म्यानपावर व्यवसायीलाई धम्क्याउने, दु:ख दिने काम भइरहेको छ, यो दु:खद् हो,' एक व्यवसायीले भने, 'सरकारी कार्यालयभित्रै छिरेर हुलहुज्जत गर्न मिल्छ ?'

विभागले केही दिनअघि मात्रै अनावश्यक भीडभाड र काममा अवरोध भएको भन्दै विभाग प्रवेशमा कडाइ गरेको थियो । विभागले गत बुधबार सूचना जारी गरी परिचय खुल्ने कागजात हेरेर मात्र प्रवेश दिइने जनाएको थियो । उक्त सूचना जारी भएको एक हप्ता नबित्दै विभागमा मुठभेडको अवस्था सिर्जना भएको हो ।

## वैदेशिक रोजगार बचतपत्रमा लगानीको अवसर

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूलाई लक्षित गरी वैदेशिक रोजगार बचतपत्र-२०८४ 'क' बिक्री खुला गरेको छ । राष्ट्र बैंकले पाँच वर्ष अवधिका लागि ५० करोड रूपैयाँको उक्त बचतपत्र बिक्री खुला गरेको हो ।

राष्ट्र बैंकले आगामी चैत ३ गतेसम्म बिक्री खुला रहने उक्त बचतपत्रको ब्याजदर १२.५० प्रतिशत तोकेको छ । बचतपत्रको ब्याज छ-छ महिनामा भुक्तानी हुने राष्ट्र बैंकको भनाइ छ । खरिदकर्ता वा इच्छाइएको व्यक्तिमार्फत सो ब्याज लिन सकिने जानकारी दिइएको छ । यो बचतपत्र विशुद्ध वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि मात्र नभएको राष्ट्र बैंकले जानकारी दिएको छ । बैंकका अनुसार वैदेशिक रोजगारीबाट फर्केको छ महिना अवधि नपुगेका नेपाली नागरिक र गैरआवासीय नेपालीले पनि आफू वा आफ्ना परिवारका सदस्यको नाममा उक्त बचतपत्र खरिद गरी लाभ लिन सक्ने छन् ।

> राष्ट्र बैंकले पाँच वर्ष अवधिका लागि ल्याएको ५० करोड रूपैयाँको 'वैदेशिक रोजगार बचतपत्र'मा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले लगानी गर्न सक्ने छन्

राष्ट्र बैंकले बिक्री खुला गरेको बचतपत्रमा न्यूनतम १० हजार रूपैयाँ र बढीमा १० हजार रूपैयाँले भाग गर्दा निशेष हुने रकमसम्म आवेदन गर्न सकिने जनाइएको छ । बचतपत्रका लागि आवेदन दिने व्यक्तिले आफ्नो राहदानी, कार्यरत मुलुकको भिसा (भारतबाहेक अन्य मुलुकमा कार्यरत कामदारका लागि मात्र), कार्यरत कम्पनीको म्याद ननाघेको आधिकारिक परिचयपत्रको प्रतिलिपि, दुई प्रति पासपोर्ट साइजको फोटो, विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाणस्वरूप विदेशी मुद्रा सटही रसिद वा नेपालमा विदेशी मुद्रामा खाता रहेको भए सो खाताबाट विदेशी मुद्रा सटही गरेको भौचर पेस गर्नुपर्नेछ ।

यदि परिवारका सदस्यको नाममा खरिद गर्ने भए सो सदस्यको नागरिकताको प्रतिलिपि र नाता प्रमाणित कागजात र नाबालकको नाममा संरक्षक भई खरिद गर्ने भएमा नाबालकको जन्मदर्ता प्रमाणपत्रको स्वप्रमाणित प्रतिलिपि पेस गर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ ।

### वैदेशिक रोजगारीको नाममा 'मानव बेचबिखन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीको नाममा मानव बेचबिखन गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोको टोलीले मोरङ कानेपोखरी-३ घर भएका गणेशबहादुर लावतीलाई पक्राउ गरेको हो ।

४४ वर्षीय लावतीलाई चावहिलबाट पक्राउ गरिएको ब्युरोले जनाएको छ । उनले वैदेशिक रोजगारका लागि 'फ्रि भिसा, फ्रि टिकट'मा युएईको दुबईमा क्लिनर कामका लागि पठाइदिने भन्दै केही व्यक्तिलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ओमानको मस्कट पुर्‍याएको पाइएको छ । दुबई भनेर ओमान पुर्‍याइएका पीडितलाई घरायसी काममा लगाएर तीन हजार ओमानी रियलमा बिक्री गरेको खुल्न आएको ब्युरोले उल्लेख गरेको छ ।

पीडितले आफूलाई काम गर्ने घरमा बन्धक बनाएर शारीरिक तथा मानसिक यातना दिएको भन्दै नेपालमा रहेका आफन्तलाई खबर गरेका थिए । पीडितको उद्धारका लागि आफन्तले लावतीको निर्देशन अनुसार विभिन्न खातामा साढे दुई लाख रूपैयाँ जम्मा गराएर गत माघ २४ गते नेपाल फर्काइएको प्रहरीलाई दिएको उजुरीमा उल्लेख छ । नेपाल फर्किएपछि ब्युरोमा आफू मानव बेचबिखनमा परेको भन्दै पीडितले प्रहरी जाहेरी दिएका थिए । पीडितको जाहेरीपछि प्रहरीले लावतीलाई सोमबार पक्राउ गरी थप अनुसन्धानका लागि हिरासतमा राख्न अदालतबाट सात दिनको म्याद लिएको जानकारी दिइएको छ ।






(बाँकी पृष्ठ २ मा)

# किन ढिलो भयो हिउँदे वर्षा

■ **सिबी अधिकारी**

**काठमाडौं–** यस वर्ष हिउँद याम सकिनै लाग्दा अर्थात् करिब पाँच महिनापछि आइतबार राजधानी काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा हल्कादेखि मध्यम वर्षा भयो । सामान्यतः नेपालमा हिउँदे वर्षा मंसिर दोस्रो सातामा सुरु भएर फागुन दोस्रो सातासम्म रहन्छ। हिउँदे याम सुरु भएको तीन महिनापछि अर्थात् फागुन १४ गते देशभर वर्षा भयो । मौसमी भाषामा यो वर्षालाई हिउँदे वर्षाकैरूपमा लिइन्छ । तर, यो वर्षा प्रि–मनसुनको जस्तो मेघगर्जन, चटचाङ र हावाहुरीसहितको वर्षा भएकाले मौसमविद् नै द्विविधामा छन् ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको जलवायु विश्लेषण शाखाकी शाखा प्रमुख वरिष्ठ मौसमविद् डा. इन्दिरा कँडेलले यो वर्ष ढिलोगरी हिउँदे वर्षा भएको बताइन् । उनले मंसिर १५ देखि फागुन १५ सम्म हिउँदे वर्षाकैरूपमा गणना गरिने भएकाले आइतबार भएको वर्षा हिउँदे वर्षा नै भए पनि यसको प्रकृति प्रि–मनसुनको जस्तो अर्थात् मेघगर्जन र चटचाङसहितको वर्षा भएको उनले उल्लेख गरिन् ।

'हिउँदयामको अन्तिममा थोरै भए पनि वर्षा भयो, यसले किसानलाई राहत मिलेको छ, तर यो वर्षाको प्रकृति हेर्दा प्रि–मनसुनको वर्षा जस्तो छ । हिउँदयाममा चटचाङ र असिनारहितको वर्षा भएको छ,' मौसमविद् कँडेलले भनिन् । नेपालमा मार्च, अप्रिल र मेसम्म तीन महिन प्रि–मनसुन मानिन्छ । यो वर्ष फागुन १६ सम्मलाई हिउँद याम मानिने उनले बताइन् ।

यो वर्ष के कारणले हिउँदे वर्षा भएन भनी सोधिएको जिज्ञासामा मौसमविद् कँडेलले पश्चिमी वायुको सक्रियता र क्षमतामा ह्रास आएका कारणले हिउँदे वर्षा कम भएको उल्लेख गरिन् । उनले भनिन्, 'पूर्वी प्रशान्त महासागरमा विकसित जलवायु प्रणाली विपरीत दिशातर्फ अर्थात् भूमध्ये रेखाको आसपास गएकाले समुद्रको पानी तातिनुपर्नेमा चिसो हुँदै गएकाले जलवाष्फको मात्रा जुन किसिमले विकसित हुनुपर्ने हो त्यो नहुँदा नेपालतर्फ पश्चिमी वायुको प्रभाव कम देखिएको हो ।'

विभागअन्तर्गतको जलवायु विश्लेषण शाखाले हिउँद र वर्षायामको वर्षाको विश्लेषण गर्ने गरेको छ। मौसमविद् कँडेलका अनुसार यो वर्षको हिउँदयाममा सोमबारसम्मको रेकर्डमा जम्मा १२.९ मिलिमिटर वर्षा भएको छ । हिउँदमा सरदर ६०.१ मिलिमिटर वर्षा हुन्छ । आइतबार विशेषगरी पहाडी क्षेत्रका भूभागमा भएको वर्षाले लामो खडेरी बेहोरिरहेका किसानलाई राहत मिलेको छ । पर्यावरण सन्तुलनमा समेत मद्दत पुगेको मौसमविद्को भनाइ छ ।

पश्चिमी वायुको सक्रियता नबढेका कारण हिउँदे वर्षा हुन नसकेको मौसमविद् गंगा नगरकोटी बताउँछिन् । वरिष्ठ मौसमविद् कँडेल पनि नगरकोटीको भनाइमा सहमति जनाउँदै तुलनात्मकरूपमा पश्चिमी वायुको फैलावट राम्रोसँग हुन नसकेकाले हिउँदे वर्षा नभएको उल्लेख गरिन् ।

सन् २०२२ को अक्टोबर १५ र १६ देखि खासै वर्षा भएको थिएन । नोभेम्बरमा केही स्थानमा र सन् २०२३ को जनवरीमा पनि विभिन्न स्थानमा छिटफुट मात्रै वर्षा भएको थियो । वर्षा नहुँदा सुक्खापन र खडेरी बढेको थियो । यो वर्ष विगतका वर्षमा भन्दा तापक्रम सरदरभन्दा बढी नै रहेको थियो । नेपालमा सामान्यतया फागुन लागेपछि मौसम न्यानो हुने गरेको छ ।

मौसमविद्को भनाइमा यस वर्ष हिउँदे वर्षा पर्याप्तमात्रामा हुन सकेन । राजधानी काठमाडौं उपत्यकामा त झन् यो वर्ष हिउँदे वर्षा भएन । उपत्यकाबाहिर खासगरी देशका पश्चिमी क्षेत्रमा हल्कादेखि मध्यम वर्षा भयो भने पश्चिमदेखि पूर्वीभेगसम्मै उच्च हिमाली क्षेत्रमा हल्का हिमपात भएको छ ।

हिउँदे वर्षा नहुँदा हिउँदे बाली लगाएका किसान मर्कामा परेका छन् । लामो समयसम्म वर्षा नहुँदा वातावरण र पर्यावरणमासमेत असर परेको उनीहरूको विश्लेषण छ। गर्मी, जाडो, वर्षा जस्ता प्राकृतिक विशेषता मानवसँग प्रत्यक्ष जोडिन्छन् । यसले पर्यावरणमा सकारात्मक तथा नकारात्मक प्रभाव पार्ने बताइन्छ । जलवायु परिवर्तनको प्रभावले मौसममा उतारचढाव आउने अनुमान गरिएको छ ।

युरोपियन महादेशबाट क्यास्पियन सी 'ब्लाक सी' को बाटो हुँदै इरान, अफगानिस्तान, पाकिस्तान र उत्तरपश्चिम भारतबाट नेपाल भित्रिने वायुको प्रभावले हिउँदे वर्षा गराउने विज्ञ बताउँछन् । पश्चिमी वायुमा जलवाष्फको मात्रा वृद्धि भएपछि तथा वायुमण्डलीय चापमान घटेर यस मौसममा वर्षा हुने गरेको विज्ञको तर्क छ । *रासस*

# ब्रह्मा मन्दिरको पुनर्निर्माण सुरू

**काठमाडौं (प्रस)–** पशुपति क्षेत्रमा रहेको ब्रह्मा मन्दिरको पुनर्निर्माण सुरु भएको छ। ५० वर्षअघि नै मूर्ति चोरी भएपछि जीर्ण बनेको उक्त मन्दिरको पुनर्निर्माण भइरहेको हो ।

पशुपति क्षेत्रको जयवागेश्वरीमा रहेको मन्दिर काठमाडौं महानगरपालिकाबाट प्राप्त ४० लाख रूपैयाँको लागतमा पुनर्निर्माण भइरहेको जनाएको छ । चोरी भएको मूर्ति भेटेर गौशालास्थित महानगरीय प्रहरी वृत्तमा राखिएको महानगरपालिका–८ का अध्यक्ष आशामान संगतले जानकारी दिए। मन्दिर पुनर्निर्माण सकिएपछि मूर्तिलाई मन्दिरमा राखेर पुनः प्राणप्रतिष्ठा गरिने भएको छ । मन्दिर पुनर्निर्माणका लागि उत्खनन गर्दा अर्को घरले मन्दिरको जग्गा मिचेको भेटिएको पनि उनले सुनाए ।

नेपालमै ब्रह्माको मन्दिर अन्यत्र भएको जानकारी नभएको महानगरपालिकाको सम्पदा एवं संस्कृति समितिको संयोजकसमेत रहेका वडाध्यक्ष संगतले बताए । मुलुककै दुर्लभ मूर्ति ५० वर्षदेखि प्रहरी कार्यालयमा रहेकाले मन्दिर बनाएर पुनःस्थापित गर्ने अभियानमा लागिएको वडा कार्यालयले जनाएको छ ।

वि.सं. २०२२ को नापीमा मन्दिर क्षेत्रमा घर थिएन । वि.सं. २०४२ मा भने घर बनिसकेको नापीका क्रममा भेटिएको थियो। घरधनी मन्दिरको जग्गा छोड्न तयार भएपछि मन्दिरले चर्चेका जग्गा खुला छोडिने भएको छ । ब्रह्मा मन्दिरको क्षेत्र पहिले सात आना भएकामा अहिले डेढ आनामा खुम्चिएकाले खोजबिन गरिनुपर्ने भन्दै स्थानीयवासीले माग गर्दै आएका छन् ।

## सांसद गुरुङ...

पृष्ठ १ बाट जारी

अन्तिम किनारा नलागेसम्म स्वतः निलम्बन हुने व्यवस्था गरिएको छ। सोही व्यवस्थाअनुसार गुरुङको प्रतिनिधिसभा सदस्य पद निलम्बन गरेको करिब अढाइ महिनापछि विशेषले दोषी ठहऱ्याएको हो ।

अब, कांग्रेसको सांसद संख्या ८८ भएको छ । अघिल्लो प्रतिनिधिसभामा पनि तत्कालीन कांग्रेस सांसद विजयकुमार गच्छदार ललितानिवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गराएर भ्रष्टाचार गरेको प्रकरणमा दोषी ठहर नै भएका थिए । वर्तमान संसद्का सदस्य गुरुङ पनि संसद् छिरेको केही महिनामै जेलतिर पुगेका हुन् ।

अब, मनाङमा पनि उपनिर्वाचन गर्नुपर्ने भएको छ । निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले प्रतिनिधिसभा सदस्य पदमुक्त भएको क्षेत्रमा छ महिनाभित्रमा उपनिर्वाचन गर्नुपर्ने संवैधानिक प्रावधान भएको र सोहीअनुसार आयोगले तयारी गर्ने बताए । 'प्रतिनिधिसभा सदस्य रिक्त भएको छ महिनासम्ममा उपनिर्वाचन गर्नुपर्ने प्रावधान छ, त्यसलाई टेकेर आयोग उपनिर्वाचन गर्न अघि बढ्छ,' अर्यालले भने ।

मनाङमा उपनिर्वाचनको मिति यकिन हुन बाँकी रहेको बेला चितवन–२ मा भने उपनिर्वाचनको कानुनी प्रक्रिया अघि बढाइएको छ। १८ दलले दल दर्तासमेत गराएका छन्। रविको यसअघिको नागरिकता १३ माघमा सर्वोच्च अदालतबाट बदर भयो । त्यही नागरिकताको आधारमा प्राप्त लाभको पद सांसदसँगै उपप्रधान तथा गृहमन्त्री गुम्यो । त्यही भएर चितवन–२ मा उपनिर्वाचन हुने भएको हो ।

जनता समाजवादी पार्टी (जसपा)की सांसद सहनाज रहमानको भने आइतबार निधन भएको हो । उनी समानुपातिक सांसद हुन् । उनको स्थानमा भने उपनिर्वाचन हुने छैन । बरु, समानुपातिक प्रणालीको बन्द सूचीको महिला क्लस्टरतर्फ उनीभन्दा ठीक पछाडिका उम्मेदवार सांसद हुने छन् ।

यसरी नयाँ संसद् गठन भएको केही महिनामै तीन जना सांसद घटेको हो । अब, नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरी पनि पक्राउ पर्ने सम्भावना छ । उनीविरुद्ध अदालतले मधेस आन्दोलनका क्रममा नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक (असई) थमन विकको हत्या आरोपमा संलग्नता देखिएको ठहर गर्दै कर्तव्य ज्यानसम्बन्धी मुद्दामा थप अनुसन्धानका लागि पुर्पक्षमा पठाउन आदेश दिइसकेको छ । उनी प्रहरीको फरार सूचीमासमेत छन् । यदि, उनी पनि कर्तव्य ज्यान मुद्दामा दोषी ठहरिए सांसदको संख्या थप घटेर २७१ मा झर्नेछ ।

यसअघि नागरिक उन्मुक्ति पार्टीका सांसद अरुणकुमार चौधरी पनि सांसद पदबाट निलम्बनमा परेका थिए । आन्दोलनका क्रममा ट्र्याक्टरमा आगलागी गरेको घटनामा अदालतबाट दोषी ठहर भएका उनी पक्राउ परेपछि उनी निलम्बनमा परेका थिए । तर, उनलाई प्रजातन्त्र दिवसका अवसरमा गत फागुन ७ गते राष्ट्रपतिले आममाफी दिएपछि उनको निलम्बन फुकुवा भएको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को सिफारिसमा उनलाई आममाफी दिएकी हुन् ।


श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड
गैडाकोट, नवलपरासीको
संस्थापक शेयरधनीहरुलाई सूचना

यस कम्पनीको संस्थापक शेयरधनी इन्टरनेशनल स्याच कम्पनी लिमिटेड, बर्मुडा (विदेशी लगानीकर्ता) को नाममा रहेको रू.१००।- दरका १०,००,००० थान साधारण शेयर कम्पनीसंग सम्बन्धित सम्पुर्ण दायित्व शेयर खरिदकर्ताले नै निशर्त रुपमा व्यहोर्ने गरी हकहस्तान्तरण/नामसारी गरी दिने व्यहोरा अवगत गराएकोले इच्छुक संस्थापक शेयरधनीहरुले आफुले लिन चाहेको शेयर संख्या र मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा आफ्नो सम्पूर्ण विवरण सहित कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव


## आर्थिक क्षेत्रसम्बन्धी...

पृष्ठ १ बाट जारी

बितिसक्दा पनि यसको प्रगति भने सन्तोषजनक देखिएको छैन ।'

बजेट वाचअन्तर्गत नवउद्यम, नवप्रवर्तन र सूचना प्रविधि; पर्यटन; उद्योगः औद्योगिक विकास, औद्योगिक क्षेत्र व्यवस्थापन; साना तथा मझौला उद्योग; लगानीः सार्वजनिक–निजी साझेदारी तथा प्रत्यक्ष वैदेशिक लगानी; ऊर्जा; पूर्वाधार र कृषि, स्वदेशी उत्पादन तथा निर्यात प्रवर्द्धन गरी आठ मुख्य क्षेत्रगत वर्गीकरण गरेर त्यसअन्तर्गतका महत्त्वपूर्ण बुँदा (नीति तथा कार्यक्रम) हरूलाई सूचीबद्ध गरिएको बताइएको छ । तिनलाई परिसंघले चालु आवको बजेटलगत्तै 'आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयन योजना' पुस्तिकाका रूपमासमेत प्रकाशित गरेको थियो ।

तिनै क्षेत्रहरूसँग सम्बन्धित ६३ बुँदामध्ये १४.२८ प्रतिशत (९ बुँदा)मात्र पूर्णरूपमा कार्यान्वयन भएको अध्ययनबाट देखिएको छ ।

'यसरी कार्यान्वयन भएको देखिएकामध्ये पनि अधिकांश कर नीतिसँग सम्बन्धित व्यवस्थाहरू छन् जुन बजेटलगत्तै वा आर्थिक वर्षको पहिलो दिनबाटै स्वतः लागू भएका प्रावधानहरू हुन् । वैदेशिक लगानीका सम्बन्धमा न्यूनतम् सीमा दुई करोड रूपैयाँ कायम, १० करोड रूपैयाँसम्मको लगानी स्वचालित प्रणालीबाट स्वीकृति, वैदेशिक रोजगारीमा गएका नेपालीहरूलाई धितोपत्रको प्राथमिक निष्काशनमा १० प्रतिशत सेयर आरक्षण, ठूला वैदेशिक लगानीलाई विद्युतीय माध्यमबाटै सात दिनभित्र प्रारम्भिक स्वीकृतिलगायतका व्यवस्था कार्यान्वयन हुनु सकारात्मक छन्,' प्रतिवेदनमा उल्लेख छ, 'यस्तै, २८.५७ प्रतिशत (१८ बुँदा) आंशिकरूपमा कार्यान्वयनमा गएको पनि अध्ययनले देखाएको छ । यसका लागि नेपाल सरकारलाई हामी धन्यवाद दिन र अझ गति प्रदानका लागि आग्रह गर्न चाहन्छौं । तर, बाँकी ५७.१४ प्रतिशत (३६ बुँदा) नीति तथा कार्यक्रमहरूमा भने प्रगति शून्य देखिएको छ ।'


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/०५ पून विज्ञापन स्वीकृति मिति २०७९/११/१६ LT. No. 281221 चलानी नं.:६०१९६७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & Facility Cleaning Labor | 25 | 0 | 1000 | ३५२४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०७९/११/०५ पून विज्ञापन स्वीकृति मिति २०७९/११/१६ LT. No. 281222 चलानी नं.:६०१९६७०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & Facility Cleaning Labor | 25 | 0 | 1000 | ३५२४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०७९/०१/०९ पून विज्ञापन स्वीकृति मिति २०७९/११/१६ LT. No. 257817 चलानी नं. ६०१८०४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 41 | 0 | 1000 | ३५२४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः फागुन २४ गते (8th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD

श्रम इजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA ALKHALIJ DECORE

पूर्व स्वीकृति मितिः २०७९/०९/१८ पुन विज्ञापन स्वीकृति मितिः२०७९/११/१६ LT No :278757 चलानी नं. ६०१९४२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 43 | 0 | 1000 | ३६,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JASH TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०७९/०९/०४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/१६ LT. No.277926 चलानी नं. ६०१९३४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office & Facility Cleaning Worker | 2 | 0 | 1000 | ३५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.

श्रम इजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SCHMIDT ME LOGISTICS

पूर्व स्वीकृति मिति २०७९/११/०४ पुन विज्ञापन स्वीकृति मितिः२०७९/११/१६ LT. No. 281185 चलानी नं. ६०१९६६८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)

Govt. License 280/058/059

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIN EXPRESS

पूर्व स्वीकृति मिति २०७९/११/१५ LT. No.281771 चलानी नं. ६०१९७२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1400 | ५०,८५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३६,३२५ | | | | | | | |
| 3 | Salesman | 1 | 0 | 1400 | ५०,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 826/066/67

AP OVERSEAS PVT. LTD
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4388574, 4388485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALMAS CLEAN GEN CONT CO FOR CLEANING OF BUILDINGS

पूर्व स्वीकृति मिति : २०७९/१०/२२ पुन विज्ञापन स्वीकृति मितिः२०७९/११/१६ LT. No. 280558 चलानी नं. ६०१९६०६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 0 | 2 | 110 | ४७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.

श्रम इजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JULANG MANUFACTURE ENTERPRISE SDN. BHD.

पूर्व स्वीकृति मिति २०७६/१२/०४ पुन विज्ञापन स्वीकृति मितिः२०७९/११/१६ LT. No. 235136 चलानी नं. ६०१६४२९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 0 | 1200 | ३५,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TECK & GUAN METAL FINISHING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/१६ LT. No. 281763 चलानी नं. ६०१९७२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic.No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

# एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली सञ्चालनमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले सबै सरकारी निकायका वेबसाइटहरूबीच एकरूपता कायम गरी सुरक्षा प्रणालीलाई मजबुत तुल्याउने उद्देश्यले एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली र वेब मनिटरिङ प्रणाली सञ्चालनमा ल्याएको छ । सूचना प्रविधि विभागद्वारा विकास गरिएको ती दुवै प्रणालीको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मंगलबार मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच शुभारम्भ गरिन् ।

सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८ बमोजिम सबै सरकारी निकायको वेबसाइटबीच एकरूपता कायम गर्न विभागले एकीकृत वेबसाइट व्यवस्थापन प्रणालीको विकास गरेको हो । यस प्रणालीको प्रयोग गरी विकास गरिएका सञ्चार मन्त्रालय एवं अन्तर्गतका सूचना तथा प्रसारण विभाग, हुलाक सेवा विभाग, सूचना प्रविधि विभाग र मुद्रण विभागका नयाँ वेबसाइट सञ्चालनमा ल्याइएको छ । क्रमशः अन्य मन्त्रालय र मातहतका निकायमा पनि यसलाई विस्तार गर्दै लगिने विभागले जनाएको छ ।

सो अवसरमा सञ्चारमन्त्री शर्माले एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली र मनिटरिङ प्रणालीले सरकारी वेबसाइट सञ्चालन तथा सेवाग्राहीको पहुँचलाई सहजता तुल्याउन र आर्थिक व्ययभार कम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरिन् । उनले भनिन्, 'सबै सरकारी वेबसाइट विभिन्न थरी र विभिन्न डिजाइनमा ती साइटभित्र पस्दाखेरि कसको सूचना कता छन् भनेर खोज्न झन्झट हुने अवस्था थियो । यो प्रणालीको विकासले सर्वसाधारणले सम्बन्धित निकायको सूचना सहजै प्राप्त गर्न सहयोग पुग्नेछ ।'

सञ्चारमन्त्री शर्माले प्रणाली व्यवस्थापनका लागि कार्यविधि पनि पास भइसकेकाले यसको कार्यान्वयन र अनुगमन गरी यसलाई व्यवस्थित र प्रभावकारी बनाइने उल्लेख गरिन् । त्यसैगरी, मनिटरिङ प्रणाली प्रभावकारी बनाउन तथा वेबसाइटहरू हयाक र डाउन हुने समस्याको पहिचान गरी समयमै समाधान खोज्न र सुरक्षित ढंगले सहजरूपमा प्रणालीहरू सञ्चालन गर्न सहयोग पुग्ने उनले बताइन् ।

आर्थिकरूपमा सबैतिर खर्च कटौती भइरहेको सन्दर्भमा यो प्रणालीले स्वाभाविकरूपमा खर्च कटौती गर्ने सञ्चारमन्त्री शर्माले विश्वास व्यक्त गरिन् । उनले यो प्रणालीलाई मन्त्रालय हुँदै देशभरका स्थानीय तहसम्म पुऱ्याउन सके सेवाग्राहीले प्रभावकारी लाभ लिने बताइन् । 'सबैले आ-आफ्नो डिजाइनमा सफ्टवेर बनाउने र राज्यको व्ययभार पनि कम हुने तथा सुरक्षाको पनि सुनिश्चितता नहुने प्रवृत्ति रहेको छ । सेवाग्राहीको सरल र सहज पहुँच हुनेगरी प्रणालीको विकास गरिएको छ, मनिटरिङलाई पनि प्रभावकारी बनाउन सहयोग पुग्नेछ,' उनले भनिन् ।

सञ्चार मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्यालले सबै सरकारी निकायको एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने उद्देश्यले प्रणाली र वेबसाइटको विकास गरिएको बताए । उनले भने, 'सरकारी निकायका वेबसाइटमा एकरूपता कायम गर्न तथा एउटै सूचना सरल र सहज रूपमा खोज्न सहयोग पुऱ्याउने उद्देश्यले यो प्रणालीको विकास गरिएको छ । प्रत्येक मन्त्रालय र निकायले वेबसाइट निर्माण गर्न खर्च गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ, एकै किसिमको वेबसाइट टेम्प्लेट भरेर मात्रै आ-आफ्नो कार्यालयले साइट बनाउन सकिन्छ, दक्ष जनशक्ति पनि चाहिन्न ।'

सचिव अर्यालले एकीकृत प्रणालीबाट हुने भएकाले सुरक्षा पनि बजबुत हुनाका साथै सरकारी सूचना, नारा र तत्काले दिनुपर्ने सूचना पनि सहजरूपमा व्यवस्थापन गर्न प्रणालीले सहज हुने विश्वास व्यक्त गरे । उनले हाल मन्त्रालय र मातहतका चार निकायबाट सुरु गरिएको यो प्रणाली क्रमशः सबै मन्त्रालय र निकायम विस्तार गरिने लक्ष्य रहेको जानकारी दिए ।

यो प्रणालीले कुन साइट कहाँ के कारण हयाक वा डाउन हुन लागेको हो निरन्तर मनिटरिङ र अलर्ट हुन्छ, । यसले सरकारी वेबसाइटलाई बढी सुरक्षित र समस्या देखिए तत्काल सुधार गर्न सहयोग पुग्ने उनको विश्वास छ ।

सूचना प्रविधि विभागका महानिर्देशक प्रेमचरण श्रेष्ठले सरकारी वेबसाइट सुरक्षितरूपमा सञ्चालन गर्न र वेबसाइट मात्र हैन सरकारी अनलाइन सिस्टमलाई निरन्तर अनुगमन गरी हयाक वा डाउन भएमा तत्कालै सुधार गर्न यो प्रणालीले मद्दत पुग्ने बताए । उनका अनुसार यस प्रणालीको प्रयोग गरी सरकारी निकायहरूले सूचना प्रविधिसम्बन्धी दक्ष जनशक्ति नभएता पनि उपलब्ध जनशक्तिको मद्दतले आ-आफ्ना निकायगत वेबसाइटहरू सहजै, निःशुल्क एवं सुरक्षितहरूमा विकास गर्न सकिने हुँदा निकायगत रूपमा वेबसाइट विकास, अद्यावधिक एवं सपोर्टका लागि बर्सेनि गरिने खर्चको बचत हुने देखिन्छ ।


## कुवेतमा रोजगारको अवसर

कम्पनी : HEIRS OF SAMEER SAEED & YOUSEF NADOUM GENERAL TRADING COMPANY. TB

पूर्व स्वीकृति मिति २०७८/०८/०२ | LT. No. 251012 | चलानी नं. ६०१६७९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helpers/Steward | 20 | 0 | 100 | ४३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २२ गते (6th. Mar 2023) मा हुनेछ ।

कम्पनी : INTERNATIONAL TRADE HOLDING CO. MOVENPICK HOTEL

पूर्व स्वीकृति मिति २०७९/०३/१२ | LT. No. 264357 | चलानी नं. ६०१८०५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Steward | 6 | 0 | 100 | ४३,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २० गते (4th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835,9863194832,9863194834, 9863194839
Email:- applyvnv@gmail.com, visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TURKEY CENTRAL RESTAURANT

पुर्व स्वीकृति मिति २०७९/११/१५ | LT. No. 281795 | चलानी नं. ६०१९७२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker (Male) | 4 | 0 | 1000 | ३६,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बदि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.
श्रम ईजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक २९९ फागुन १६ गते २०७९ मा प्रकाशित EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD. को चलानी नं.६०१९७२२५ को Al-rawy Alrabia Contracting Company कम्पनीको विज्ञापनमा Lot No. 281739 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653, Mobile: 9801007279, 9801053933
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## Malaysia मा रोजगार Mitraforce Sdn. Bhd.

पूर्व स्वीकृती मिति: २०७९/११/१५ | चलानी नं. ६०१९७२५५ | LT No. : 281755

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 10 | साधारण | 1500 | ४४,४२५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हने / प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७९ फागुन २३ गते (7 Mar, 2023) यस प्रा. लि. को कार्यालय शान्तिनगर, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

ईभ नेपाल ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं.: ४१०७५२०, ४६२२४३६
Email : evenpl34@gmail.com | www.evenepaloverseas.com



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक २९३ फागुन १० गते २०७९ मा प्रकाशित PARI OVERSEAS PVT. LTD. को Lot No. 280347 को विज्ञापनमा Rwakez Al Ostoura Contracting Co. कम्पनीको अन्तरवार्ता मिति: २०७९/११/१५ (27th Feb, 2023) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAWZIA AL HANAKIS FARM

पूर्व स्वीकृति मिति: २०७९/११/१५ | LT. No. 281737 | चलानी नं: ६०१९७२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 2 | 0 | 1000 | ३५,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन २३ गते (7th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 281737 मिति: २०७९/११/१६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Avion Human Resource Management Pvt. Ltd.
AVION
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.


## शैक्षिक कागज हराएको सूचना

मिति २०७९/१०/१६ मा बुटवल चौराहादेखि दीपनगर जाँदा मेरो निम्न व्यहोरा भएको Convocation Certificate (दिक्षान्त प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : पुजा ज्ञवाली
रजिस्ट्रेसन नं: २०१०-२-०८-००३६
सिम्बोल नं: ११०८००३५
ठेगाना: बुटवल-७, रुपन्देही
सम्पर्क फोन : ९८५७०८८३३३


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक २९९ फागुन १६ गते २०७९ मा प्रकाशित Nasser Outsourcing Consultants Pvt.ltd. को Lot No. 245234 को Musanada Transport Company is one person company कम्पनीको विज्ञापनमा पुरुष कामदारको संख्या १ मात्र हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराईन्छ ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BROGAN MIDDLE EAST SCAFFOLDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/१६ | LT. No. 276427 | चलानी नं. ६०१९२१४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolders | 300 | 0 | 1200 | ४३,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति:
काठमाण्डौ - (Manpower Office)मा मिति: २०७९ फागुन २५/२६ २९/३० र चैत १ गते (9/10/13/14/15th. Mar 2023) मा हुनेछ ।
झापा, बिर्तामोड -(Jhapa Prabidhik Training Center)मा मिति: २०७९ फागुन २७ गते (11th. Mar 2023) मा हुनेछ ।
सुनसरी -ईटहरी -(Central Capital Training Center)मा मिति: २०७९ फागुन २८ गते (12th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Swift Gurkha International Pvt. Ltd.
श्रम ईजाजत नं. ५५९/०६२/०६३
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534


Aandhikhola Rural Municipality
Office Of Rural Municipal Executive
Krishi, Syangja, Gandaki Province, Nepal

## Invitation for Bids for Conference hall Construction Work in administrative office building

**Contract Identification No: ANDH-W-NCB-BLDG-10-079-80**
Date of publication: 01 March 2023

1. Aandhikhola Rural municipality has allocated funds towards the cost of Construction work and intends to apply part of the funds to cover eligible payments under the Contract Identification No:- ANDH-W-NCB-BLDG-10-079-80 Bidding is open to all eligible Nepalese Bidders.
2. Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids from eligible bidders for the Conference hall Construction Work in administrative office building under National Competitive Bidding procedures.
3. Only eligible bidders with the following key qualifications should participate in this bidding:
4. Minimum Work experience of similar size and nature: Successfully or substantially completion of at least one (1) Contract of Building Construction or maintenance with various improvement work having with a value of at least 6.0 (Six ) millions Excluding VAT.
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rural municipal executive, krishi Syangja. Office Website: **www.aandhikholamun.gov.np**, mailing address: **andhikholarm@gmail.com**, Telephone no: 063 - 413001,413002 or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
6. A complete set of Bidding Documents may download from PPMO's website: **www.bolpatra.gov.np/egp** by eligible bidders and must submit their bids only electronically through **www.bolpatra.gov.np/egp**. Bidders should deposit the cost of NRs. 3000.00 (Three thousand) of biding documents in the office Rajashwa (Revenue) Account as specified below and the scanned copy (PDF format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
7. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** NIC Asia Bank Limited, Krishi, Aandhikhola, Syangja
   **Name of Office:** Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality, Setidovan, Syangja
   **Office Code no. :** Revenue Heading Ga-1.1
   **Office Account no.: 2342050028676002; Rajaswa Shirshak**
8. Bidder who wishes to submit the Bid Security in the form of Cash, the cash should be deposited in account No.- Dharauti N4CA052540052402 (ga-3) Account Name : Ga-3 Dharauti of. Aandhikhola Rural Municipality, Syangja
9. Pre-bid meeting shall be held at Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive,Krishi Syangja at 14 March, 2023, Time:- 13.00 hrs
10. Electronic bids must be submitted to the Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality, Krishi Syangja through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12.00 hrs of 31 March 2023. Bids received after this deadline will be rejected.
11. Bids will be opened in the presence of Bidders' representatives who choose to attend on 31 March 2023 at 13.00 hrs in the Office of rural Municipal Executive, Aandhikhola Rural Municipality, Krishi Syangja. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of NRs.2,80,000.00 ( Two hundred Eighty Thousands Rupees only), which shall be valid for 30 days beyond the validity period of the bid. Total approved estimated Cost for this Project is NRs. 1,19,69,736.42 With VAT & PS.
12. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
13. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (with their revisions).

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सुशासन र विकास: भाषणमा होइन, व्यवहारमा देखाऊ

प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार एक कार्यक्रमलाई सम्बोधन गर्दै सरकारको प्राथमिकता सुशासन र विकासमा रहेको बताए । उनको यो भनाइ पहिलोपटक आएको भने होइन । प्रधानमन्त्रीको कार्यभार सम्हालेलगत्तै पनि उनले सो कुरा बताएका थिए । त्यसो सबै राजनीतिक दलहरूको चुनावी नारामा सुशासन र विकासकै कुराले प्राथमिकता पाएको थियो । उक्त बुँदा नअटाउने राजनीतिक दलका घोषणापत्र सायदै होलान् । त्यसैले सबैले भन्ने र घोषणापत्रसहित विभिन्न दस्तावेजहरूमा उल्लेख गर्ने यो विषय नौलो पनि होइन । दाहालले मात्रै नभई सबै प्रधानमन्त्री, मन्त्रीहरूले यही मन्त्र दोहोऱ्याउने गरेका छन् । दाहालले सोही क्रमलाई निरन्तरता दिँदै सुशासन र विकासको कुरामा जोड दिनु कुनै नौलो रहेन ।

सवाल के हो भने, जसरी भाषण र चुनावी घोषणापत्रहरूमा सुशासन र विकासलाई जोड दिइन्छ व्यवहारमा त्यो देखिँदैन । यो विगदेखि चल्दै आएको प्रवृत्ति हो । वर्तमान प्रधानमन्त्री दाहालले पटक–पटक बताइरहेका छन्, यसपटक उदाहरणीय काम गर्छु । चुनावी नतिजाले उनको दल नेकपा माओवादी केन्द्रलाई ३२ सिटसहित तेस्रो स्थानमा खुम्च्याए उनी तेस्रोपटक प्रधानमन्त्री बन्न सफल भएका छन् । अघिल्ला दुई कार्यकाल आफूले काम गर्न नपाएको बताउने उनलाई काम देखाउनै पर्ने बाध्यता पनि छ । तर, उनको अस्थिर प्रवृत्तिले त्यो कति सम्भव बनाउला भन्नेमा आशंका जन्माएको छ । एमालेको सहयोगमा प्रधानमन्त्री बनेका उनी दुई महिनामा नै गठबन्धन बदलेर राष्ट्रपति चुनावमा कांग्रेससहित आठ दलको नयाँ गठबन्धनमा लागेका छन् । उनको यो अस्थिर प्रवृत्तिले मुलुकको राजनीतिलाई नै अस्थिर बनाइरहेको छ ।

सुशासन र विकासका लागि चाहिने पहिलो सर्त हो, राजनीतिक स्थिरता, स्थिर सरकार । तर, यहाँ राजनीति कुन बेला कता मोडिन्छ पत्तो हुँदैन । सरकार कतिबेला ढल्ने हो, मन्त्री कतिबेला फेरिने हो निश्चित हुँदैन । यस्तो अस्थिरताले सुशासन र विकासका काम अगाडि बढाउन चुनौती हुने गर्दछ । अहिले मुलुकले भोगिरहेको पनि यही हो । चुनावमा कुनै पनि दलको स्पष्ट बहुमत नआउँदा दुई दुईभन्दा बढी दल मिलेर सरकार चलाउनुपर्ने अवस्था रहेको छ । यस्तोमा कुनबेला सरकार ढल्छ भन्ने टुंगो नहुने हुँदा यसले सुशासन र विकासका काम नराम्ररी प्रभावित हुने गर्दछ ।

प्रधानमन्त्री दाहालले साँच्चिकै सुशासन र विकासलाई प्राथमिकतामा दिएर अगाडि बढ्न चाहेका हुन् भने माथिका कुराहरूमा किन ध्यान दिँदैनन् भन्ने प्रश्न उठ्छ, उठेको छ । फेरि भाषण गरेजस्तो व्यवहारमा कार्यान्वयन गर्न सहज छैन । मुलुकको अर्थतन्त्रको वर्तमान स्थिति हेर्ने हो भने पनि प्रस्ट हुन्छ । पुँजीगत खर्चको अवस्था निकै कमजोर छ । महालेखा नियन्त्रक कार्यालयको मंगलबारसम्मको तथ्यांकअनुसार चालु बजेटमा विनियोजित पुँजीगत बजेटको खर्च २० प्रतिशत पनि पुगेको छैन । यसले प्रस्ट पार्दछ विकासका कार्यहरू कसरी अगाडि बढिरहेका छन् भन्ने । त्यसैले अब भाषणमा होइन व्यवहारमा कार्यान्वयन गरेर देखाउनुपर्छ । अनि मात्र विकास र सुशासनको प्राथमिकता पुष्टि हुनेछ ।

## मननयोग्य

### चाणक्य नीति

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्,' हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।


'तर तपाइृको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अत: चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हादिृक अनुरोध लिई आएको छु ।

'अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।' क्रमश:

कुडा कर्णालीका : सुशासन र विकास-३

# कर्णालीको विकासका प्राथमिकता



डा. अंगराज तिमिल्सिना

> कर्णालीमा लगानीको फाइदा वा उत्तरतिरको नाका सहज हुँदा वा अन्तरदेशीय हाइवे निर्माण हुँदा सिंगो नेपाललाई फाइदा हुन्छ भनेर काठमाडौंलाई सम्झाइबुझाइ गर्न जरूरी छ । कर्णालीका लागि एउटा छुट्टै लगानी सम्मेलन गर्न आवश्यक छ । जस्तो कि भारतमा लगानी सम्मेलनको सुरूआत मोदी गुजरातका मुख्यमन्त्री हुँदै भएको थियो । अहिले सबै राज्यमा गुजरातको लगानी सम्मेलन 'रोल मोडल' बनेको छ ।

**विकास र विकासका प्राथमिकता**

सामाजिक र आर्थिक उन्नतिका अलावा सुख, शान्ति, खुसी, आत्मसम्मान र आफ्नो संस्कृतिप्रतिको गौरव पनि विकासका सूचकहरू हुन् । विकासका लागि गरिबी, पछौटेपन र आर्थिक अवस्था, रोजगारी, शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, सञ्चार, सामाजिक सुरक्षा र न्याय आदिको अवस्थामा परिवर्तन आउन अत्यावश्यक छ, देशवासी हुनुको आत्मसम्मान र देशप्रतिको जनताले महसुस गर्ने गौरव पनि विकासकै द्योतक हो ।

सिंगो देशको प्रगतिबारे सापेक्षितरूपले सबै भूभाग र समाजले कसरी हेरेको छ वा जनताले कस्तो महसुस गर्छन् भन्ने पनि महत्त्वपूर्ण कुरा हो । भन्नुको अर्थ कुनै देशमा प्रदेश-प्रदेशबीच, धनी-गरिब बीच, सहर-गाउँबीच, जात-जातीबीच, महिला-पुरुषबीचको असमानाताको स्थिति कस्तो छ भन्ने पनि हो ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था अक्सफामका अनुसार नेपालको विकासको मुख्य चुनौती भनेको धनी र गरिबबीचको बढ्दै गएको खाडल पनि हो । विश्व बैंकका अनुसार नेपालको चारदेखि पाँच प्रतिशत वरिपरिको आर्थिक वृद्धि हुनेखाने वर्गमा केन्द्रित भएको र तल्लो वर्गलाई खासै हेर्न नसकेको देखिएको छ । अर्कोतिर प्रदेश-प्रदेशबीचको असमानता घटाउनुपर्ने चुनौती संघका सामु छ । राष्ट्रिय योजना आयोगको बहुआयामिक गरिबीको सूचकांकअनुसार कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेशमा गरिबी क्रमश: ३९.५, २५.३, र २४.२ प्रतिशत छ भने बागमती र गण्डकी प्रदेशमा केवल ७ र ९.६ प्रतिशत छ ।

पिछडिएका भए पनि सुदूरपश्चिम, कर्णाली र मधेस प्रदेश आफ्नो अलग पहिचान बलियो भएका प्रदेशहरूमा पर्छन् । यहाँका धेरै जनतामा राज्यको मूलधारबाट हामी वर्षौं उपेक्षित छौं भन्ने भावना बलियो छ । तसर्थ राष्ट्रलाई बलियो र एकीकृत बनाउन संघीय नेतृत्वले आर्थिक असमानता बढाएर पिछडिएका प्रदेशहरूलाई धेरै पर घकेल्ने होइन कि विकास र समृद्धिका दृष्टिले अरु प्रदेशकै हाराहारीमा ल्याउन जरुरी छ ।

अर्को कुरा विकास र समृद्धिको चर्चा गर्दा समाजको इतिहास, सभ्यता र संस्कृतिलाई पनि हेर्नुपर्ने हुन्छ । इजिप्सियन, रोमन, ग्रीक आदिले आफ्नो सभ्यताको गौरव गर्ने तर हाम्रै नेपाली भाषाको उद्गम मानिने कर्णालीको भाषा काठमाडौंमा बोल्दा पछौटेपनको मानक किन मानिने ? कर्णालीको सभ्यता सिन्धु सभ्यताभन्दा पुरानो भनेर सम्पूर्ण नेपालले किन गौरव नगर्ने ?

भेरी र कर्णाली नदीको सेरोफेरोले आफैंमा ठूलो सभ्यता र संस्कृति बोकेको छ । कर्णाली भू-भागमा मानवबस्ती १० हजार वर्ष पहिले नै बसेको थियो भने प्राचीनकालमा कर्णाली 'स्वर्ग प्रस्थ' भनेर चिनिन्थ्यो ।

**अबको बाटो**

विकास र समृद्धिको बहसमा तीन कुरा महत्त्वपूर्ण छन् । के ?, किन ? र कसरी ? भन्ने कुरा । के-के गर्ने भन्ने कुरा प्राथमिकता पहिचानका कुरा हुन् । किन गर्ने भन्नेमा लागतअनुसार के प्रतिफल हुने, यो परियोजनाले समाज वा अर्थतन्त्रमा कस्तो रूपान्तरण ल्याउने भन्ने हो । जस्तो कि सिंगापुरमा कुनै परियोजना बनाउनुपऱ्यो भने त्यसले आगामी ५० वर्षमा के प्रतिफल दिने, यो परियोजना छिटो बनाउन के-के चाहिने र बनिसकेपछि यो परियोजनाको 'मेन्टिनेन्स' (मर्मत) कसले गर्ने भन्नेबारे धेरै बहस हुन्छ ।

कसरी भन्ने कुरा स्रोतको परिचालन, कार्यान्वयन, अनुगमन, भ्रष्टाचार निवारण गर्ने र अनियमितालाई सम्बोधन गर्ने कुरासँग जोडिएको छ । तसर्थ, कर्णालीको विकासका प्राथमिकता के हुने भन्नेबारे धेरै ठूलो बहस गरिरहनु पर्ला जस्तो देखिँदैन । हरेक कर्णाली उत्सवमा यसको बहस भएकै छ । कर्णालीको समग्र विकास र समृद्धिका लागि चारवटा कुरालाई प्राथमिकता राख्नुपर्छ ।

पहिलो कुरा, आधारभूत पूर्वाधरमा फड्को नमारेर अरु धेरै कुराको अपेक्षा गर्न सकिन्न । जस्तो कि प्रदेश सरकारले कर्णालीमा लगानी गर्नेलाई १० वर्षको कर छुट दिने घोषणा गरेको थियो तर यसले खासै लगानी तान्न सकेन । उद्योग-व्यवसाय, सेवामा आधारित अर्थतन्त्रको विकास, कृषि वा पर्यटन, जडीबुटी प्रशोधन वा निर्यात आदिका लागि सडक, बिजुली, पानी, सञ्चारजस्ता आधारभूत पूर्वाधार नभई हुन्न । जस्तो कि बजारसम्म पुऱ्याउन चाहिने पूर्वाधार नहुँदा फलफूल र जडीबुटी कुहिएर खेर जाने अवस्था छ ।

दोस्रो, विकासमा पछाडि परेका कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेशले मानव विकास अर्थात् शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा धेरै लगानी गर्न आवश्यक छ । पूर्वतिर विकासका रूपान्तरणकारी पूर्वाधार बने किन कर्णालीमा बनेनन् भन्ने कुराको उत्तर मानव संसाधनको विकाससँग पनि जोडिएको छ ।

एकातिर संघको नीति बनाउने र स्रोत परिचालन गर्ने ठाउँमा पहुँच बढ्न सकेको छैन भने अर्कोतिर आफ्नै प्रदेशको विकासका लागि चाहिने आवश्यक र अनुभवी जनशक्ति पनि कर्णालीले उत्पादन गर्ने अवस्था छैन । बजेटका लागि दया र निगाहमा बाँच जस्तो सिंहदरबार गएर रोइ कराइ गर्नु त छँदै छ, विज्ञतामा कर्णालीबाहिरको भर पर्नुपर्ने अवस्था छ । क्षेत्रीयवाद जस्तो लाग्ला तर लोकतन्त्रमा विकास र समृद्धिका लागि नीति र निर्णयमा सबै सरोकारवालाको सहभागिता अत्यावश्यक हुन्छ । कर्णालीबाट कति जना संघीय सरकारमा मन्त्री र सचिव छन् त ? यसबाट मानव संसाधनमा कर्णाली कति पछि छ भन्ने देखाउँछ ।

तेस्रो, कुनै प्रदेशको विकासलाई ठूलो धक्का दिन सिंगो देशलाई टेवा पुऱ्याउने रूपान्तरणकारी ठूला परियोजना चाहिन्छ । तर, कर्णाली प्रदेशमा यस्ता परियोजना एक-दुई वटा पनि छैनन् । भएका एकाध बिजुली, सिँचाइ, सडक आदि परियोजनाहरू निर्माणको गति धेरै सुस्त छ ।

चौंथो र अति महत्त्वपूर्ण कुरा सुशासन हो । अरु प्रदेशभन्दा कर्णालीमा नीतिगत स्थायित्व छ, भ्रष्टाचार कम छ, सरकारको सेवासुविधा छरितो छ, व्यवसायीलाई दु:ख दिइँदैन भन्ने पऱ्यो भने लगानी बढ्ने हो । सरकारले गर्ने आफ्नो लगानीमासमेत आफ्नो प्रशासनिक काम कारबाही छरितो बनाउने, कार्यसम्पादन नतिजामुखी बनाउने, राजस्व संकलनलाई चुस्त बनाउने, आम्दानी र खर्चलाई पारदर्शी बनाउने, प्रशासनिक र फजुल खर्चमा लगाम लगाउने अनि आफूअन्तर्गतको भ्रष्टाचार र अनियमितता छानबिनको आफैंले स्वामित्व लिने गरेमात्रै सोचेअनुसार स्रोत र साधनको सही सदुपयोग हुने हो ।

स्रोत र साधनको अभाव भएको हाम्रोजस्तो मुलुकका लागि विकासका लागि एक-एक पैसा वा रूपैयाँको ठूलो महत्त्व हुन्छ । सिंगापुरका ली क्वान यिउले आफ्नो देश बनाउने बेला सिंगापुरको विकासको स्तर हाम्रैजस्तो थियो तर ली क्वान यिउको अठोट यो पिढीले दु:ख गरौं तर भावी पिढीले सुख पाओस् भन्ने थियो । त्यसैले उनले प्रधानमन्त्रीअन्तर्गत नै हाम्रोजस्तो अख्तियार दुरूपयोग अनुसन्धान आयोग राखेर आफूलाई समेत अनुसन्धान गर्न सक्ने अधिकार दिए । पाँच-१० डलर हिनामिना गर्नेलाई समेत जेल हालियो, ताकि एक डलर पनि कसैले तलमाथि नगरोस् । छिमेकी भारतकै दिल्लीका केजरीवालले आफ्ना मन्त्रीलाई भ्रष्टाचारको गन्धमात्रै आए कारबाही गर्ने गरेका छन् । सार्वजिक शिक्षा र स्वास्थ्यमा दिल्लीको गुणस्तर छोटो समयमै धेरै बढेको छ । विकासका लागि जनता र लगानीकर्ता सबैको भरोषा जित्न जरुरी छ । यसका भ्रष्टाचार र अनियमिततामा शून्य सहनशीलताको नीतिलाई कडाइका साथ लागू गर्न जरुरी छ ।

**प्रवचनको सारसंक्षेप**

पहिलो, कुरा जति गरे पनि कर्णाली पछाडि नै पर्ने हो भन्ने लघुताभाषको मानसिकताबाट माथि उठ्न जरुरी छ । एक-दुई हजार मेगावाटका जलविद्युत् योजनाहरू, छिमेकी जोड्ने अन्तर ाष्ट्रिय हाइवे, चीनसँगको व्यापार र पारवाहन, मानसरोवरसम्मको सहज यात्रा र चीन वा भारतको लगानीमा स्थापना हुनसक्ने औषधि प्रशोधन आदि रूपान्तरणकारी योजना सावित हुन सक्छन् । गरे हुने रहेछ, लघुताभाषबाट माथि उठ्न सकिँदो रहेछ भन्ने ज्युँदो उदाहरण कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान हो, जसले दुर्गमबाट सुगमका लागि जनशक्ति तयार गरिरहेको छ ।

दोस्रो कुरा, प्रदेशको विकास र समृद्धिका लागि सबै पार्टीबीच सहमति जुटाउनु आवश्यक छ ताकि सरकार परिवर्तन भए पनि नीति र कार्यक्रममा स्थायित्व कायम होस् । तेस्रो, मुख्यगरी कर्णालीलाई देशको वित्तीय क्षेत्रमा पहुँच बढाउन कर्णाली पूर्वाधार बैंकको आवश्यकता छ, जसले कर्णालीका उत्पादन र विकाससम्बन्धी परियोजनामा सरकार र निजी क्षेत्रसँगै लगानी गर्न सकोस् ।

चौथो, संघमार्फत हुने स्रोत परिचालन विशेषगरी संघको नीति र कार्यक्रममा कर्णालीको पहुँच बढाउन सत्ता र प्रतिपक्ष दुवैले एक साथ काठमाडौंमा ' लबिइङ' बढाउन आवश्यक छ । साँच्चै कर्णालीको विकासको चाहना हो भने कुन पार्टीले श्रेय लिने भन्ने मानसिकताबाट माथि उठौं ।

कर्णालीमा लगानीको फाइदा वा उत्तरतिरको नाका सहज हुँदा वा अन्तरदेशीय हाइवे निर्माण हुँदा सिंगो नेपाललाई फाइदा हुन्छ भनेर काठमाडौंलाई सम्झाइबुझाइ गर्न जरुरी छ । कर्णालीका लागि एउटा छुट्टै लगानी सम्मेलन गर्न आवश्यक छ । जस्तो कि भारतमा लगानी सम्मेलनको सुरुआत मोदी गुजरातका मुख्यमन्त्री हुँदै भएको थियो । अहिले सबै राज्यमा गुजरातको लगानी सम्मेलन 'रोल मोडल' बनेको छ ।

काठमाडौंमा कम्तीमा पनि हाम्रो प्रदेशबाट एक जना संघमा मन्त्री चाहियो भन्नुहोस् । म त भन्छु यो उत्सव पनि प्रधानमन्त्रीलगायत देशका श्रीर्षस्थ नेताहरूले उद्घाटन गरेको भए हुन्थ्यो । काठमाडौं अहिले कस्तो विकासको खाका कोर्नेभन्दा पनि को राष्ट्रपति बनाउने भन्नेमा व्यस्त छ ।

पाँचौं, प्रदेश सरकारले कनिका छर्ने होइन कि प्रदेशका गौरवका आयोजनामा लगानी गर्ने हो भने स्थानीय सरकारले पर्यावरणको वास्ता नगरी चौतर्फी बाटो खन्ने कामलाई मात्र विकास ठान्ने मानसिकताबाट माथि उठेर शिक्षा, स्वास्थ्य अनि स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने काम गर्न जरुरी छ । त्यसरी नै वैदेशिक रोजगारीबाट फर्केकाको एक 'डेटाबेस' बनाएर तिनको अनुभव र सीपलाई उत्पादनसँग जोड्न सके रोजगारी र आम्दानी बढ्नेछ ।

छैटौं, नेपालमा आफ्नो देशको उत्पादनलाई देशव्यापीकरण गर्न र स्वदेशी उत्पादनलाई राष्ट्रियतासँग जोड्न जरुरी छ । 'अलिकति बढी पैसा परे पनि नेपालको उत्पादन जस्तो कि जुम्लाको स्याउ वा मार्सी खाऔं, स्वास्थ्यका लागि र देशका लागि भन्ने' अभियान बढाउन जरुरी छ । ठीक त्यसरी नै अन्तर्राष्ट्रियरूपले 'ब्रान्डिङ' गर्न सके टर्कीदेखिका फलफूल, गलैंचालगायतका उत्पादन युरोपभरि पुग्नसक्ने हाम्रो 'अर्ग्यानिक प्रोडक्ट'हरू मध्यपूर्व र अरु देशसम्म पुऱ्याउन नसकिने होइन ।

र, अन्त्यमा, कर्णालीमा विज्ञ समिति पनि नबनेको होइन, राजनीतिक नेतृत्वले विज्ञका सल्लाहलाई अपनत्व लिएर कार्यान्वयनलाई प्रभावकारी नबनाए, हामीजस्ता विज्ञ भनिनेहरू आउने, बौद्धिक बहस गर्ने र दुई-चार कुरा भनेर जानेबाहेक के हुन्छ र ?

*(विकास तथा सुशासनविज्ञ डा.तिमल्सिनाले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजित कर्णाली उत्सवको चौथो संस्करणअन्तर्गत फागुन ६ गतेको कार्यक्रममा 'सुशासन र विकास' विषयमा दिएको प्रवचनको अन्तिम भाग । पहिलो र दोस्रो भाग क्रमश: फागुन १० र १४ गतेको अंकमा प्रकाशित छ । सं)*

## पत्र-मञ्जुषा

### सहकारी र बैंकिङ क्षेत्रका समस्याले निम्त्याउने संकट

पछिल्लो समय सहकारी क्षेत्र समस्याग्रस्त बनेको छ । देशका अधिकांश सहकारीमा समस्या देखिएको छ । कतिपय सहकारीहरू भागिसकेका छन् त नभागेकाहरू पनि समस्याग्रस्त छन् । सहकारीमा एउटै बचतकर्ताको १० हजारदेखि १० करोडसम्म डुबेको छ । तर, घरजग्गा, गाडी, सेयरलगायत वस्तुहरू बेचेर वा आफूले जीवनभर कमाएको रकम राख्नेहरूको अहिले बिचल्ली भएको छ ।

पहिला विश्वासको आडमा सहकारीमा बचत गर्नेहरूको अहिले सहकारीबाट विश्वास उठिसकेको छ । त्यसैले, अहिले सहकारीमा पैसा राख्नेको भन्दा पनि निकाल्नेको लाम छ । यता सहकारीका सञ्चालकहरू कति त देश छोडेर हिँडिसकेका छन्, कति लुकीलुकी हिँडेका छन् ।

अहिले सञ्चालनमा रहेका सहकारीहरूले पनि सर्वसाधारणलाई विश्वास दिलाउन सक्ने छैनन् । यता सहकारीमा पैसा निकाल्न गएका बचतकर्ताहरू हैरान र चिन्तित देखिन्छन् । सहकारीले धेरैको अहिले कन्तविजोग बनाएको छ । एक वर्ष अघिसम्म हाम्रो सहकारी बलियो छ वा हामीले यति जनालाई रोजगारी दिएका छौं भनेर भन्नेहरू अहिले कर्मचारीलाई तलब दिन नसकेका, घरभाडा तिर्न नसकेर र बचतकर्ताको रकम फिर्ता गर्न नसकेर भागिसकेका छन् । तर, अब यो अवस्था बैंकमा आउने संकेत छ ।

किनकि, बैंकको रकम बैंककै कर्मचारीले चलाएका छन् । तर, त्यो रकम आज उनीहरू फिर्ता गर्न नसक्ने अवस्थामा पुगेका छन् । यता बैंकमा धितो राखेर कर्जा लिएका व्यवसायीहरूले बैंकको साँवाब्याज तिर्न छोडिसकेका छन् त बैंकविरुद्ध आन्दोलन चर्काइरहेका छन् ।

बैंकबाट ऋण लिने सबै व्यवसायीहरूले बैंकबाट लिएको ऋणको साँवाब्याज तिर्न सक्दैनौं भनेर आन्दोलन सुरु गरिसकेका छन् । अबको एक वर्षपछि सहकारीमा जस्तै बैंकमा पनि समस्या नहोला त ? सहकारीमा हिजो आँखा चिम्लेर बचत गर्दा आज बचतकर्ताको बिजोग भयो तर अब बैंकमा बचत गर्नेहरूको पनि यस्तै हुन्छ भनेर सर्वसाधारणले सचेत हुनुपर्ने अवस्था आएको छ ।

अहिले बजारमा घरजग्गा, गाडी र सेयरमा मन्दी आएको छ । यिनीहरूको किनबेच नै छैन । यतिमात्र नभई हाल सञ्चालनमा रहेका होटल व्यवसायीदेखि हरेक व्यापार व्यवसायमा अहिले मन्दी आएको छ । यता निजी क्षेत्रमा भने घरभाडा तिर्न नसकेर वा कर्मचारीलाई तलब दिन नसकेर रुवाबासी छ ।

अहिले बैंकले १६ देखि १८ प्रतिशतसम्म ब्याज दिन्छु भन्दा पनि बचतकर्ता रकम राख्दैनन् । बैंकको ऋण तिर्न नसकेर आत्महत्या गर्नेसम्मका घटनाहरू बढेका छन् । बैंकले करोडको धितो राखेर ५० लाख रूपैयाँ ऋण दिने तर त्यो दिएबापत पनि पाँच लाख ब्याज लिने । यता मान्छेअनुसार ब्याज १८ प्रतिशतदेखि ४८ प्रतिशतसम्म लिने ।

तर, तीन किस्ता नतिर्नेबित्तिकै ऋणीको नाम पत्रपत्रिकामा निकाली कालोसूचीमा राखेर करोडको धितो ४५ लाखमा खाने प्रवृत्ति छ । यस्तो अवस्था आउनु साँच्चिकै दु:खद् कुरा हो ।

सरकारले यो समस्या समाधानका लागि केही प्रयास गरेको बताइएका पनि प्रभावकारी बन्न सकेको छैन । त्यसो त राजनीति अस्थिर बन्दा समस्या थप जटिलतातर्फ उन्मुख भएको छ । यसको समाधानका लागि सरकारले प्रभावकारी कदम चाल्न जरुरी छ । अन्यथा यसले मुलुकको अर्थतन्त्रलाई नै संकटतर्फ धकेल्ने निश्चित छ ।

*-कपिल लामा, बनेपा, काभ्रे*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# 'स्वास्थ्यका लागि सक्षम प्रणाली'ले स्वास्थ्य क्षेत्रमा सुधार

■ सत्य बटाला

**रुकुम पश्चिम–** अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआइडी)को 'स्वास्थ्यका लागि सक्षम प्रणाली'मार्फत रुकुम पश्चिमका स्थानीय तहहरूमा सञ्चालन गरेको प्राविधिक सहायताको पाँच वर्षे परियोजना सकिएको छ ।

यसै अवसरमा आयोजना गरिएको समापान कार्यक्रममा जिल्लाको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार आएको जनाइएको छ । यो परियोजना संघीयताको परिप्रेक्षमा स्थानीय तहमा मातृ नवजात शिशु, बालस्वास्थ्य र परिवार नियोजन सेवाको पहुँच, गुणस्तर बढाउने उद्देश्यले सञ्चालन गरिएको थियो ।

कोभिड-१९ महामारीको अवस्थामा यस कार्यक्रमले कोरोना संक्रमण रोकथाम र नियन्त्रणका लागि प्रदेशभर खोप, उपकरण, तालिम र पूर्वाधारलगायत कार्यमा योगदान दिएको कार्यक्रमको कर्णाली प्रदेशका वरिष्ठ प्राविधिक अधिकृत चंख विष्टले बताए ।

विष्टले जोखिमको समयमा होस् या महामारीको बेल, सधैं स्थानीय सरकारको साथमा प्रतिबद्ध रहेको बताए । कोरोना महामारीको समयमा उक्त कार्यक्रममार्फत स्थानीय तहका स्वास्थ्यकर्मी तथा अस्पतालमासमेत प्राविधिक सेवाहरू प्रदान गरिएको थियो । कोरोनाको खोप कार्ड प्रमाणीकरणसम्बन्धी अभिमुखीकरण, नमूना संकलन, एन्टिजेन परीक्षणसम्बन्धी अभिमुखीकरण र स्वास्थ्य संकट एवं विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणसमेत गरिएको थियो ।

यस कार्यक्रमले रुकुम पश्चिमको आठबिसकोट नगरपालिकामा स्वास्थ्य क्षेत्रमा काम गर्नेगरी पाँच वर्ष पहिलेनै सहकार्य गरेको थियो । सुरुआती चरणमा आठबिसकोटको स्वास्थ्य अवस्था विश्लेषण गरी आवश्यकता पहिचानको आधारमा पालिकाका सबै स्वास्थ्य संस्था र नगरपालिका स्वास्थ्य शाखामा प्रविधिक सहयोग गरिएको जनाएको छ । साथै, जिल्लामा स्वास्थ्यको प्रविधिक टिमले पूरै अवधि र पालिकामा एक जना स्वाथ्य प्रणाली अधिकृत रहेर पछिल्लो एक वर्ष काम गरेका थिए ।

घेत्मा, गोतामकोट र आठबिसडाँडागाउँको स्वास्थ्यचौकीमा सामाजिक परीक्षण, आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, खरिद र पूर्वानुमान तालिम, वार्षिक, अर्धवार्षिक तथा मासिक स्वास्थ्य कार्यक्रम समीक्षा कर्मचारीको क्षमता अभिवृद्धिलगायतका कार्यक्रम र आठबिसकोट नगर अस्पतालमा टेलिमेडिसिन सेवा सुधार तथा एसबिए र परिवार नियोजन तालिम, नवजात कर्नर स्थापनामा सहयोग गरेको जानकारी दिइएको छ ।

विष्टले आठबिसकोट नगरपालिकालगायत कर्णाली प्रदेशका सबै पालिकाहरूमा संस्थाले पाँच वर्षभित्र महत्त्वपूर्ण योगदान दिएको बताए । यस परियोजनाले राम्रो काम गरेको सरोकारवालाहरूले समेत वताएका छन् ।

आठबिसकोट नगरपालिकाले कार्यक्रमका प्रमुख तथा प्रतिनिधिलाई सम्मानसहित बिदाइ गरेको छ । सोही कार्यक्रममा आठबिसकोट नगरपालिकालाई दुई वटा ल्यापटप, ग्यास सिलिण्डर लगायत स्वास्थ्य संस्थालाई आवश्यक सामग्री हस्तान्तरण गरिएको थियो ।

# विद्यार्थीलाई संस्कार सिकाउने अभियान

**झापा–** धर्म, संस्कृति, नैतिकता र संस्कार पढाउन यहाँका २५ स्थानमा संस्थागतरूपमै अनौपचारिक कक्षा सञ्चालन भइरहेका छन् ।

जनकल्याण प्रतिष्ठान एकल अभियान नेपालले जिल्लाको भद्रपुर, शिवसताक्षी नगरपालिका, अर्जुनधारा नगरपालिका, बिर्तामोड नगरपालिका र हल्दीबारी गाउँपालिकामा एकल विद्यालय अभियानअन्तर्गत विद्यालय जाने उमेरका बालबालिकालाई त्यस्तो कक्षामा सहभागी गराउँदै आएको छ ।

विद्यालयमा औपचारिक शिक्षा पाइरहेका विद्यार्थीलाई उनीहरूको बिहान र बेलुकाको उपयुक्त समय मिलाएर संस्कारयुक्त शिक्षा प्रदान गर्न एकल विद्यालय अभियान सञ्चालन गरिएको जनकल्याण प्रतिष्ठान एकल अभियानका जिल्ला अध्यक्ष शंकर भट्टराईले बताए ।

जिल्लाका २५ वटै कक्षाका लागि अध्ययन गर्ने स्थान, कापी, किताब र शिक्षकको व्ययभार प्रतिष्ठानले बेहोर्दै आएको उनले जानकारी दिए । प्रतिष्ठानले शिक्षकलाई मासिक पारिश्रमिक दिँदै आएको छ ।

एकल विद्यालयमा विद्यार्थीलाई ध्यान र योग सिकाउनुका साथै मातापिता र अग्रजलाई गरिने आदर व्यवहारका बारेमा संस्कारयुक्त ज्ञान दिइने गरिएको अभियानका शिवसताक्षी प्रमुख पीताम्बर बरालले बताए ।

नैतिकता, संस्कार, भाषा, गणित, सामान्य ज्ञान, विज्ञान, हस्तशिल्प, स्वास्थ्य र शारीरिक शिक्षासमेत एकल विद्यालयमा पढाइने उनले जानकारी दिए । प्रतिष्ठानका जिल्ला अध्यक्ष भट्टराईका अनुसार २७ वर्ष पहिले धादिङको एउटा गाउँमा २८ विद्यार्थी पढाएर नेपालमा एकल विद्यालय अभियान प्रारम्भ भएको थियो । अहिले देशभर ४६ जिल्लाका ५०१ गाउँमा यस्तो संस्कार सिकाउने कक्षा सञ्चालन भइरहेका छन् । एकल विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई आर्थिक स्रोतको अभावमा पर्याप्त पारिश्रमिक दिन नसकिएको उनले बताए । एउटा कक्षा सञ्चालन गर्न वार्षिक न्यूनतम ३६ हजार रूपैयाँ अतिरिक्त खर्च हुने गरेको बताइएको छ ।

शिवसताक्षीको वडा नं ४ का वडाध्यक्ष विष्णु प्रसाईंले एकल अभियानको कक्षामा नियमित जाने विद्यार्थी नैतिक अनुशासन र संस्कार पालनामा उदाहरणीय हुने गरेकामा प्रशन्नता प्रकट गरे । 'मातापिता र अग्रजप्रति कसरी राम्रो व्यवहार गर्ने कुरा नानीबाबुले एकल विद्यालयमा सिक्न पाएका छन्,' वडाध्यक्ष प्रसाईंले भने, 'योग र धर्मको आधारभूत ज्ञान पाउँदा उनीहरूमा विनम्रताको विकास हुँदोरहेछ भन्ने अभिभावकले पनि बुझ्नुभएको छ ।' *रासस*


## चलिरहेको कलेज बिक्रीमा

+२ देखि मास्टर डिग्री सम्मको पढाइ भइरहेको १ रोपनी जग्गामा साँढे तीन तलाको भवन निजी सहितको कलेज बिक्रीमा रहेकोले इच्छुक महानुभावले ५ दिन भित्रमा सम्पर्क गरी प्रस्ताव पेश गर्नु होला ।

सम्पर्क नं. ९८४१६४७६१६

इमेल : lekhnathgautamtpj@gmail.com


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/१७**

यस भालुफाँटा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७७/०७८ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको **बण्डल थान १७१७ को ३०,५१२ किलोग्राम बेत** जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । बेतबांस फर्निचर उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस संबन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण ब्यहोराको सूचना यस समुहको सुचना पाटीमा टांस गरिएको छ ।

**श्री भालुफाँटा सामुदायिक वन उपभोक्ता समूह**
**राजापुर नगरपालिका–७ बेलासा बर्दिया**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/११/१७

यस कम्पनीको मिति २०७९/०९/२३ मा सम्पन्न विशेष साधारण सभाको बमोजिम साविक कम्पनी **कलेज अफ वायोमेडिकल इन्जिनियरिङ्ग एण्ड एप्लाइड साइन्सेस प्रा.लि. (प्रा.लि. नं. ३३३४७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१०/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **नेशनल इन्ष्टिच्युट अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

१ नं. प्रदेश सोलुखुम्बु जिल्ला साविक तामाखानी गा.वि.स. वडा नं.१ भई परिवर्तित सोलुदुधकुण्ड नगरपालिका वडा नं.३ बस्ने संते कामीको नाति लाल बहादुर विश्वकर्माको छोरा (ना.नं. २६०/१३३१/९१९ मिति २०४४/११/०८ सोलुखुम्बु)को पदम बहादुर विश्वकर्माले मेरो नाममा र.नं.८०५ मिति २०५५/१२/१५ मा काजी शेर्पाको साविक तामाखानी गा.वि.स. वडा नं.१ को कि.नं.९६ क्षेत्रफल ३९८० व.मि.वाट कि.का. भएको तपशिल बमोजिमका जग्गाको सक्कल जग्गाधनी प्रमाण पूर्जा हराएको र श्रेस्ता कायम नरहेकोले फिल्डबुक समेतको आधारमा श्रेस्ता कायम गरी प्रतिलिपी पूर्जा पाउँ भनी निवेदन पेश गर्नु भएको हुँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरू कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सवैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

| निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
| १. | सोलुखुम्बु | तामाखानी | १ | ३४७ | १९९० |

इति संवत् २०७९ साल फागुन महिना १५ गते रोज २ शुभम्.....।

# Naraharinath Rural Municipality

**Office of the Rural Municipal Executive**
**Kumalgaun,Kalikot**
**Karnali Province,Nepal**

## InvitationFor Bids

First Date of Publication: 2079/11/17(1st Mar, 2023)

**Bid Opening Date: 2079/12/17(31th Mar,2023,1:00PM**

1. Naraharinath Rural Municipality office,Kumalgaun ,Kalikot invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S.N. | Contract Identification Number | Work Description / Name of Project | Estimate Amount Without VAT, (NRs.) | Bid Security amount (NRs.) | Bid Security Validity Period | Bid Purchasing Fees in (NRs.) | Last date of Submission bid Document |
|---|---|---|---|---|---|---|---|
| 1 | NNRM/W/NSNRC/NCB/04/2079/080 | Nuwadevmandu to Sainekhola New Road Construction Work | 4253521.47 | 125000.00 | 120 Days | 3000 | 2079/12/17(31th Mar , 2023), 12:00PM |
| 2 | NNRM/W/SNCRC/NCB/05/2079/080 | Sarga to Nilrupsa Khatirupsa Chuna New Road Construction Work | 4251082.23 | 120000.00 | 120 Days | 3000 | |

2. Eligible Bidders may obtain further information at the office of Naraharinath Rural Municipality ,Office of the Rural Municipal Executive ,Kumalgaun,Kalikot , Mobile No:-9848262291 Or may visit PPMO e-GP Systemwww.bolpatra.gov.np/egp.

3. Bidder have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. I nformation to deposit the cost of bidding document in Bank:

   Name of Office:- Naraharinath Rural Municipality Office Type of Account :- ga 1-1

   Internal Revenue Account no :- 0726001574672223Office Code no :- 801066505

4. Pre bid meeting shall be held atNaraharinath Rural Municipality ,Office of the Rural Municipal Executive ,Kumalgaun kalikot at 12 noon 2079/12/08,(Mar 22, 2023.)

5. Electronic bids must be submitted to Naraharinath Rural Municipality ,Office of the Rural Municipal Executive ,Kumalgaun kalikot through PPMO website www.bolpatra.gov.np/egp. On or before 2079/12/17(31thMar , 2023), 12:00PM.

6. Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/12/17(31thMar , 2023),1:00PM at Naraharinath Rural Municipality ,Office of the Rural Municipal Executive ,Kumalgaun kalikot . If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 0726001574672096 ,Naraharinath Rural Municipality office on Name of Bank Agricultural Development Bank Ltd.and submit bank deposit voucher along with the bid or Bank guarantee favour of Naraharinath rural municipality office.

8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

9. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations,2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**

प्रभाव दैनिक




## मिरूना 'प्रदेश १ चलचित्र तारा'बाट सम्मानित

अभिनेत्री मिरूना मगर 'प्रदेश १ चलचित्र तारा' बाट सम्मानित भएकी छन् । नेपाल चलचित्रकर्मी महासङ्घ प्रदेश १ ले आयोजना गरेको 'इनरूवा उत्सव चलचित्र महोत्सव'को अवसरमा शनिवार अभिनेत्री सम्मान दिइएको हो । कार्यक्रममा अभिनेत्री मगरसहित अग्रज कलाकार रमेश बुढाथोकी, हेमन्त बुढाथोकी, पुष्प श्रेष्ठ, ज्योतिराज राई, गायक रामा मण्डल समेत सम्मानित भएको महोत्सवका निर्देशक तथा परिकल्पनाकार अरूणकुमार प्रधानले बताए । गत ७ फागुनबाट सुरू भएको महोत्सव १७ गतेसम्म चल्नेछ ।



बुधबार, १७ फागुन २०७९ (Wednesday, March 01, 2023)

# उदयपुरमा म्यूजिक अवार्ड शिला र कुन्तीसहित १८ जनालाई



■ प्रभाव संवाददाता

**उदयपुर–** मोफसलमा विरलै मात्रामा हुने म्यूजिक अवार्ड उदयपुरको गाईघाटमा उपहार एफ.एम ९५.४ मेघाहर्जले आफ्नो पाँचौ वार्षिकोत्सवको अवसरमा गरेको छ। उदयपुरमा विगत ५ बर्ष देखि प्रशारणमा रहेको उपहार एफ.एम ९५.४ मेघाहर्जको पाँचौ बार्षिक उत्सवको अवसरमा म्यूजिक अवार्ड कार्यक्रम शनिबार सम्पन्न भएको हो ।

उक्त अवसर पारेर नेपाली सांगीतिक क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याउदै आएका वरिष्ठ संगीतकार शिलाबहादुर मोक्तान र गायिका कुन्ती मोक्तानलाई नगद ५० हजारसहित 'लाइफटाइम अचिभमेण्ट अवार्ड' प्रदान गरिएको छ । उपहार एफ.एम सञ्चालक समितिका अध्यक्ष विश्वराज तामाङ, त्रियुगा उद्योग वाणिज्य संघका अध्यक्ष रमेश विश्वकर्मा, लिम्चुङबुङ गाउँपालिका उदयपुरका अध्यक्ष मेजरकुमार राई र वलान विहुल गाउँपालिका सप्तरीका अध्यक्ष खेमचन्द्र यादवले संयुक्त रूपमा दोसल्ला, सम्मानपत्र, चेक तथा अवार्ड सहित सम्मानि गरिएको हो ।

कार्यक्रममा उपहार एफ.एम कला सम्मानबाट बरिष्ट टेलिभिजनकर्मी तथा गायक मनोहरी थापा, शैलेन्द्र खतिवडा, चन्द्र तामाङ, दिनेश लामा र मिथुन ठाकुरलाई सम्मान गरिएको थियो । आदिम स्मृतिक कला सम्मानबाट रंगकर्मी गोपाल कृतिलाई सम्मान गरिएको थियो ।

गाईघाट स्थित रत्ना रिसोर्टमा आयोजित कार्यक्रममा बेष्ट रकपप विधाबाट गायक असोक सिवा, राईजिङ स्टारको उपाधि गोविन्द गुरागाई, बेष्ट मोडल मेल रियाज आचार्य, उत्कृष्ट भिडियो निर्देशनबाट कलाकार प्रदिप चौधरीले अवार्ड प्राप्त गरेका थिए ।

यसैगरी उत्कृष्ट रचनाकार तर्फ सइनध्वज दनुवार, उत्कृष्ट जुरी अवार्ड नारायण दनुवार, उत्कृष्ट कल्चर गायकको उपाधि गायक शिव थापामगर, उत्कृष्ट आधुनिकतर्फ शसिचन्द्र राई, उत्कृष्ट लोकपप गायकतर्फ सन्दीप मोते, उत्कृष्ट मोर्डन पप गायिका तर्फ सुनिता कार्की, उत्कृष्ट मेलोडी पप गायिका तर्फ अपप्सरा घिमिरे, उत्कृष्ट लोक गायक तर्फ विनोद दनुवार, उत्कृष्ट मेलोडि पप गायक तर्फ फिरोज बस्नेत, उत्कृष्ट प्लेब्याक गायकको उपाधि टम्पसेर राई, उत्कृष्ट मोडल तर्फ रेखा राई र बेष्ट प्लेब्याक गायिकाको उपाधि पुजा मगरले प्राप्त गरेको कार्यक्रम निर्देशक ताराबिर पाण्डेले जानकारी दिए ।

कार्यक्रममा बरिष्ठ संगीतकार शिलाबहादुर मोक्तान, गायिका कुन्ती मोक्तान, गायक नन्दु गुरुङसहित अवार्ड प्राप्त कलाकारहरूले सांगीतिक प्रस्तुति राखेका थिए । कार्यक्रममा स्थानिय कलाकारहरूले नृत्य प्रस्तुति समेत गरेका थिए । स्थानिय कलाकर्मीहरूको सम्मानको लागि अग्रजलाई सम्मान नयाँलाई प्रोत्साहन गर्नका लागि कार्यक्रमको आयोजना गरेको उपहार एफ.एम ९५.४ मेघाहर्जका अध्यक्ष विश्वराज तामाङले जानकारी दिए । कार्यक्रमको टाइटल स्पोन्सरको रूपमा दाजु भाई समुह दोहा कतार सहयोगीका रूपमा उदयपुरका आठ वटै स्थानीय तह तथा विभिन्न क्षेत्रबाट प्रायोजन तथा सहप्रायोजनको रूपमा रहेको थियो ।

# ट्रेलरमा यस्तो देखियो सुरक्षाको 'बहाव'

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेत्री सुरक्षा पन्त र अभिनेता कमलमणि नेपाल अभिनीत फिल्म 'बहाव'को ट्रेलर सार्वजनिक भएको छ । स्वर्णिम इन्टरटेनमेन्ट र योङ स्टार सिनेमाको प्रस्तुति रहेको फिल्म आगामी २४ चैतबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ ।

प्रमोद कँडेलको लेखन र निर्देशन रहेको फिल्मको ट्रेलरमा अभिनेत्री सुरक्षा प्रेमी, विद्रोही र पागलपनको भावमा देखिएकी छन् । काम र विदेश जानुभन्दा पनि क्रान्ति गर्ने सोच सुरक्षामा देखाइएको छ । 'जिज्ञासा, विचार अनि यथार्थको कथा' लाई प्रमुख विषय फिल्मले बनाएको अनुमान गर्न सकिन्छ ।

राजधानीमा सोमबार आयोजित कार्यक्रममा अभिनेत्री सुरक्षाले फिल्ममा जोडिनु आफैंका लागि सुखद क्षण भएको बताइन् । 'कुनै फिल्म आउँछन्, जान्छन्, तर यो फिल्मका लागि मेरो बुझाई फरक छ । किनकि यस्तो फिल्म दर्शकमाझ आउनुपर्छ', सुरक्षाले भनिन्, 'बहाव परिवार भित्रको विद्रोहको कथा हो । यसले नेपालको अधिकांश परिवारको कथा भन्छ ।'

लेखक तथा निर्देशक कँडेलले लकडाउनको बेलामा 'बहाव' लेखिएको बताए । 'यो फिल्मसँग जोडिएका घटना, किस्सा धेरै छन् । तर जुन कथा मैले लेखें, त्यसमा निर्माता श्रीधर पौडेल सहमत हुनु मेरा लागि ठुलो उपलब्धि थियो' कँडेलले थपे ।

निर्माता श्रीधर पौडेलले निर्देशक कँडेलको कथाबाट प्रभावित भएपछि आफूले लगानी गरेको सुनाए ।अभिनेता पवन श्रेष्ठले आफ्ना लागि 'बहाव' मार्फत व्यावसायिक कलाकारसँग काम गर्न पाउँदा खुसी लागेको बताए ।

फिल्ममा सुरक्षासँगै कमलमणि नेपाल, अफरान अली, सुर्य शर्मा भट्ट, इश्वरी सिंह, हीरालाल कँडेल र पवन श्रेष्ठको अभिनय छ । सुजन बडालको सम्पादन, वसन्त सापकोटा, सुशान्त गौतम र रिकेश गुरुङको संगीत रहेको फिल्ममा सज्जा चौलागाईंको स्वर, अनन्त घिमिरेको कलर करेक्सन, मुकेश शाहको साउन्ड डिजाइन र मिक्सिङ र कार्तिकेय स्मिता कर्नाटकको छायांकन छ । फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्दैछ ।

# 'चौथो एसईई डान्स च्याम्पियनसिन' घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसइइ दिएर बसेका विद्यार्थीहरूलाई लक्षित गरेर बिगत चार वर्षदेखि देशव्यापी रूपमा आयोजना हुँदै आएको 'एसइइ डान्स च्याम्पियनसिन'को चौथो संस्करण घोषणा गरिएको छ। यो प्रतियोगिताको फाईनलमा पुगेकाहरूले प्लस टुको अध्ययनका लागि पूर्ण स्कलरसिप पाउने भएका छन् । यो प्रतियोगिताको चौथो संस्करणको अडिसन आगामी नयाँ वर्षसँगै हुने भएको छ ।

यो प्रतियोगिताको लागि आगामी चैतमा एसइइ दिएर बसेका विधार्थीहरूले भाग लिने पाउने आयोजक संस्थाका अध्यक्ष एवम् बरिष्ट कोरियोग्राफर महेश गोदारले बताएका छन्,'हामीले सबै प्रदेशमा बैशाखको पहिलो साताबाट अडिसन शुरु गर्ने छौं । उनीहरूको नृत्यको आधारमा अडिसन लिएर प्रत्यक प्रदेशबाट फाईनलको लागि ३ जना चयन गरिने छ ।'

माविहरूको संस्था 'हिसान'को सहकार्यमा काठमाडौंको कपनमा रहेको बज्रायोगिनी डान्स एन्ड म्युजिक एकेडेमीले यो प्रतियोगिता आयोजना गर्दै आएको छ । यो प्रतियोगितामा नेशनल प्याब्सन र प्याब्सनको समेत सहकार्य रहेको पनि गोदारले जानकारी गराएका छन् । यी सहित काठमाडौंबाट १० जना चयन गरेर कुल २८ जना प्रतियोगीबीच आगामी २३ असारमा काठमाडौंको नाचघरमा अन्तिम प्रतिस्धर्पा हुने छ ।

यसरी यो अन्तिम प्रतिस्पर्धामा चयन भएका २८ जनालाई नै कक्षा ११ र १२ को अध्ययनका लागि पूर्ण छात्राबृत्ती दिईने सहयोगी संस्था हिसानका अध्यक्ष एवम् गोल्डेन गेट कलेजका प्रिन्सिपल रमेश सिलवालले बताएका छन् ।

यो प्रतियोगितामा प्रथम हुनेले एक लाख रूपैयाँ, द्धितीय हुनेले ५० हजार रूपैयाँ र तृतीय हुनेले ३० हजार रूपैयाँ नगद सहित ट्रफी र विभिन्न पुरस्कार पनि प्राप्त गर्ने आयोजक महेश गोदारले जानकारी गराएका छन् । यो प्रतियोगिताको लागि मुलुकका विभिन्न कलेजमा आयोजक पक्षले सूचना पुऱ्याउने छ ।



# खेलकुद क्षेत्रमा गुणात्मक विकास हुनुपर्छ : प्रधानमन्त्री




■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले खेलकुद क्षेत्रमा गुणात्मक विकास हुनुपर्ने बताएका छन्। उनले खेलकुद क्षेत्रमा छुटयाइँदै आएको बजेट वृद्धि गर्ने बताए । ललितपुरको च्यासल रंगशालाको मंगलबार उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले पूर्वाधार तथा खेलकुद कार्यक्रमका लागि हालको बजेटलाई गुणात्मक रूपले वृद्धि गरी आगामी आर्थिक वर्षमा बजेट व्यवस्थापन गरिने उल्लेख गरे ।

'पहिलो पटक प्रधानमन्त्री हुँदा खेलकुदलाई स्वाथ्यको लागि र राष्ट्रका लागि मात्रै हैन, अर्थतन्त्रका लागि, कूटनीतिका लागि, राजनीतिका लागि र अन्तर र्राष्ट्रिय भाइचाराका लागि महत्व दिन आवश्यक ठानेर अगाडि बढेको थिएँ । दोस्रो कार्यकालमा प्रत्येक गाउँ र विद्यालयमा खेलकुदलाई संस्थागत गर्ने प्रयास गरेको थिएँ', उनले भने, 'अहिलेको कार्यकालमा पनि खेलकुद क्षेत्रमा गुणात्मक विकास हुनुपर्छ भन्ने कुरालाई प्राथमिकतामा राखेको छु । मैले राजनीतिबाहेक खेलकुद र कलाकारितालाई अलि बढी नै महत्व र प्राथमिकता दिने गरेको छु। मेरो रुचिको क्षेत्र पनि हो ।'

प्रधानमन्त्री दाहालले पहिलोपटक प्रधानमन्त्री भएर अगाडि बढ्दा देशैभर खेलकुद क्षेत्रलाई संस्थागत गर्ने तथा देशव्यापी बनाउने कुरामा विशेष ध्यान दिएको र दशरथ रंगशालालाई पुनःनिर्माण गर्ने क्रममा चीन सरकारसँग कुरा गरेर विशेष योगदान गरेको स्मरण गरे । उनले आफूले राजनीतिक जीवनको महत्वपूर्ण समय च्यासलमा बिताएको उल्लेख गर्दै च्यासल रंगशाला उद्घाटन गर्न पाउँदा गौरव महसुस भएको बताए ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङले च्यासल रंगशाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न मिल्ने व्यवस्थित रंगशाला भएको बताए। उनले यो काठमाडौं उपत्यकामा दशरथ रंगशालाको वैकल्पिक भएको उल्लेख गरे ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अध्यक्ष पंकजविक्रम नेम्वाङले दाहाल नेतृत्वको सरकारले देशमा खेलकुदको पूर्वाधार निर्माणमा महत्वपूर्ण योगदान गरेको जिकिर गर्दै आगामी वर्षको बजेटमा खेलकुदमा पर्याप्त बजेट विनियोजन गर्न प्रधानमन्त्रीसमक्ष आग्रह गरे ।

विसं २०७४ असार २२ गते निर्माण थालिएको उक्त रंगशाला २०७९ असोज २९ गते निर्माण सम्पन्न भएको राखेप सदस्य सचिव घिसिङले जानकारी दिए । परिषद्सँगको सम्झौताअनुसार डाँफे प्रेरणा प्रतिष्ठान जेभी कम्पनीले भ्याटबाहेक रु २८ करोड १६ हजारको लागतमा रंगशाला निर्माण सम्पन्न गरेको हो । तीनवटा प्यारापिट भएको सो रंगशाला छ हजार दुई सय जनासम्म अट्ने क्षमताको रहेको बताइएको छ ।

**आइसिसी यू-१९ विश्वकप एसिया छनोट**

# मलेसियामाथि नेपालको सानदार जित

■ प्रभाव संवाददाता



**काठमाडौं–** संयुक्त अरब इमिरेट्समा जारी आइसिसी यू-१९ पुरुष विश्वकपको एसिया छनोट प्रतियोगिताअन्तर्गत मंगलबार भएको खेलमा नेपालले मलेसियालाई १० विकेटले पराजित गरेको छ । खेल युएईस्थित मलेका क्रिकेट मैदानमा भएको थियो ।

यस जितसँगै नेपालले प्रतियोगितामा लगातार चौथो जित दर्ता गराएको छ। यसअघि नेपालले सिंगापुर, कुवेत र हङकङलाई पराजित गरेको थियो । मलेसियाले दिएको ७३ रनको समान्य लक्ष्य नेपालले ९ ओभरमा कुनै विकेट नगुमाई लक्ष्य पूरा गऱ्यो । नेपालका लागि दुवै ओपनर अविजित रहे ।

ओपनर दीपक बोहोराले अविजित ३८ रन बनाए भने अर्का ओपनर अर्जुन कुमालले २१ रन जोडे । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको मलेसियाले ३५ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ७२ रनको योगफल बनाएको थियो । मलेसियाका लागि अक्रम मालेकले सर्वाधिक २६ रनको योगदान दिए भने मोहमद हैरिल हरिसन र मोहम्ममद स्याहिर स्यामिलले समान १२/१२ रन बनाए । नेपालका लागि दीपेश कँडेलले ४ विकेट लिए भने आकाश चन्दले ३ विकेट झारे ।

त्यसैगरी मिलन बोहोराले २ तथा सुवास भण्डारीले १ विकेट लिए । अब नेपालले आफ्नो अन्तिम खेल आयोजक युएईसँग यही फागुन १८ गते खेल्नेछ । प्रतियोगितामा नेपालसहित सिंगापुर, कुवेत, हङकङ, मलेसिया र आयोजक युएईको सहभागिता रहेको छ। राउण्ड रोबिनका आधारमा हुने उक्त प्रतियोगिताको शीर्ष टोली सन् २०२४ मा श्रीलंकामा आयोजना हुने यु-१९ विश्वकपका लागि छनोट हुनेछ ।

# भद्रपुर झापा गोल्डकपको उपाधि आर्मीलाई

**झापा (प्रस)–** झापाको भद्रपुरस्थित मेची रंगशालामा भएको 'प्रथम मुस्ताङ भद्रपुर झापा गोल्डकप'को उपाधि विभागीय टोली नेपाली सेनाको त्रिभुवन आर्मी फुटबल क्लबले जितेको छ।


मंगलबार भएको फाइनल खेलमा मछिन्द्र फुटबल क्लबलाई टाइब्रेकरमा ४-३ गोल अन्तरले पराजित गर्दै आर्मीले उपाधि उचालेको हो । निर्धारित ९० मिनेटको खेल बराबरीमा सकिएपछि थपिएको समयमा पनि दुवै टोलीका तर्फबाट गोल हुन नसकेपछि खेलको निर्णय टाइब्रेकरबाट लिइएको हो ।

टाइब्रेकरमा मछिन्द्रका रेजिन धिमाल र देवेन्द्र तामाङको प्रहार आर्मीका गोलरक्षक समित श्रेष्ठले रोकेका थिए । आर्मीका सेसेहाङ आङदम्बेको प्रहार मछिन्द्रका गोलरक्षक विशाल श्रेष्ठले रोके । टाइब्रेकरमा आर्मीका दीपेन्द्र कार्की, सन्तोष केसी, रिपु भुलाल र सुशान्त चौधरीले गोल गरे भने मछिन्द्रका लागि दिवाकार चौधरी, सुजल श्रेष्ठ र दिपेश घलेले गोल गरेका थिए । जितसँगै आर्मीले रू १३ लाख पुरस्कार प्राप्त गरेको छ । उपविजेता मच्छिन्द्रले रू सात पुरस्कार प्राप्त गऱ्यो ।

खेलको ७३औं मिनेटमा आर्मीका सुदिल राई र मछिन्द्रका ओमोलाजा करिमले आपसमा झगडा गरेपछि दुवैजनाले रातो कार्ड पाएका थिए । त्यसपछि दुवै टोली १० खेलाडीमा सीमित भएका थिए । प्रतियोगितामा उत्कृष्ट गोलरक्षक आर्मीका समित श्रेष्ठ, उदियमान खेलाडी मछिन्द्रका सौरव राई र उत्कृष्ट प्रशिक्षक आर्मीका राजु तामाङ घोषित भए । उनीहरूले जनही रु २५ हजार पुरस्कार पाए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मछिन्द्रका कप्तान सुजल श्रेष्ठ भए । उनले रु एक लाख पुरस्कार पाए ।

विजेता तथा उपविजेतालाई झापा क्षेत्र नं. १ का सांसद् एवं नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले प्रदान गर्नुभएको थियो । उहाँले झापा सामाजिक, आर्थिक, राजनीतिकसँगै खेलकुद क्षेत्रमा अब्बल भएको बताउनुभयो । आयोजकले लाइफ टाइम अचिभमेन्ट अवार्डबाट पूर्व फुटबल खेलाडी गम्भीर राईलाई पुरस्कृत गरेको छ । उनले एक थान मोटरसाइकल प्राप्त गरे । यही फागुन ७ गतेदेखि उक्त प्रतियोगिता सञ्चालन भएको थियो ।

# हर्ष र त्रासदीपूर्ण सगरमाथा आरोहणको ऐतिहासिक सम्झना



**मेरहोफेन (अस्ट्रिया)–** उनले जीवनका ८९ वसन्त पार गरिसकेका छन् तर उनले हिमाल चढ्न छाडेका छैनन् । अक्सिजनविना नै सगरमाथा आरोहण गरेका अस्ट्रियाका आरोही पिटर हाबेलर अझै पनि हिमालका चुचुरा चुम्न शारीरिकरूपमा सक्षम छन् । आफ्नो यो सक्षमतालाई उनी 'युवावस्थाको स्रोत' भन्न रुचाउँछन् ।

हाबेलर र उनका इटालियन साथी रेनहोल्ड मेस्नरले विनाअक्सिजन विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने प्रणलाई धेरैले असम्भव भनेर टिप्पणी गरेका थिए तर उनीहरूले सन् १९७८ मा पूरक अक्सिजनविना नै सगरमाथाको चुचुरोमा पुगेर विश्वलाई नै चकित पारिदिए । जब उनीहरूका पाइला सगरमाथाको शिखरमा पुगे आफूमा धेरै खुसी, केही दुःख र त्रासले घर गरेको हाबेलरले पश्चिमी अस्ट्रियाको आफ्नो निवासमा एएफपीलाई बताए ।

जीवनको नवौं दशकमा प्रवेश गरेका हाबेलरले हिमाल आरोहणलाई निरन्तरता दिएका छन् । हिमाल र पहाडलाई उनी साथी भन्न रुचाउँछन् । हिमाल आरोहणबाट हीराका टुक्राभन्दा बहुमूल्य अनुभव आफूलाई प्राप्त भएको उनी बताउँछन् । जलवायु परिवर्तनले ठूलो समस्या खडा गरेकामा उनी चिन्तित छन् । आफ्नो जन्मभूमिका आल्पस हिमाल शृंखला हुन् वा अन्य महादेशका हिमाल बढ्दो तापक्रमका कारण हिमाल पग्लने कुराले उनलाई पोल्छ ।

दिगो पर्यटनका अभियन्ता हाबेलरले हिमाल पथप्रदर्शकका रूपमा काम थालेका थिए । उनका छोरो अहिले पनि आफ्नै जन्मभूमि मेरहोफेनमा स्थापना गरिएको स्की स्कूल सञ्चालन गरिरहेका छन् । दृढ संकल्प, लगन र परिश्रमका साथ प्रयास गरेमा कुनै पनि काम असम्भव केही छैन भन्ने देखाउन तथा अरुका निम्ति अवसरका ढोका खोल्ने उनको चाहना थियो ।

हाबेलर आफूलाई सामान्य मान्छे मान्छन् । सगरमाथा आरोहण गरेको केही वर्षपछिसम्म आफ्नै जन्मस्थानमा समय बिताएका उनलाई आठ हजार मिटरभन्दा माथिका हिमाल आरोहणको अभिलाषाले भने छाडेन । उनले अग्ला हिमालका टुप्पामा आफ्ना पाइला पुऱ्याए तर उनका साथमा सगरमाथा आरोही मित्र मेस्नर थिएनन् ।

अहिले ७८ वर्षीय मेस्नर विश्वका १४ वटा अग्ला चुचुरा चुम्ने पहिलो व्यक्ति बनेका छन् । अर्थात् उनले आठ हजार मिटरभन्दा अग्ला सबै हिमालको सफलतापूर्वक आरोहण गरेर कीर्तिमान कायम गरेका छन् । मेस्नरसँग मिलेर जे पनि गर्न सकिने हाबेलरको विश्वास छ । सगरमाथा शिखरमा उनले आफ्नो त्रास हटाउन र साहस भर्न गरेको सहयोगका निम्ति हाबेलरले कृतज्ञता व्यक्त गरेका छन् ।


आरोही मेस्नरले आफ्ना मित्र हेबलरसम्बन्धी पछिल्लो पुस्तकमा उनको प्रशंसा गरेका छन् । हेबलरलाई जस्तोसुकै परिस्थितिमा पनि संसारका जुनसुकै भूभागका हिमाल सहजै चढ्नसक्ने क्षमता भएको व्यक्तिका रूपमा उनले चित्रण गरेको छ । चौहत्तर वर्षको उमेरमा हेबलरले स्वीट्जरल्याण्डको इगर पर्वत उत्तरी मोहडाबाट सफल आरोहण गरेर सबैभन्दा वृद्ध पर्वतारोहीको कीर्तिमान पनि कायम गरे । उनले आफ्ना पूर्वशिष्य डेभिड लामासँग उक्त हिमाल आरोहण गरेका थिए । त्यतिबेला लामाको उमेर २६ वर्ष मात्र थियो ।

क्यानडाको बान्फ राष्ट्रिय निकुञ्जमा हिमपहिरोमा परेर लामाको मृत्यु भएको थियो । लामाको निधनबाट दुःखित हेबलरका आँखा अहिले पनि रसाउँछन् । आरोही लामाले दुर्घटनामा ज्यान गुमाएपछि उनलाई थप सचेत बनाएको छ । यद्यपि उनले हिमाल आरोहणलाई जारी राखेका छन् ।

थोरै उपकरण र सामग्री अनि अतिकम बाह्य सहयोगबाटै उनी हिमालतर्फ हिँड्छन् । उनी आफूलाई सामान्य व्यक्तिका रूपमा प्रस्तुत गर्छन् । आफूसँग सधैं हिमाल आरोहणका निम्ति आवश्यक पर्ने आधारभूत सामग्री मात्र हुने गरेको उनी बताउँछन् । आफ्नो झोलामा भारीभर कम सामान राख्न उनलाई मन लाग्दैन ।

आफ्ना मातापिता पर्वतारोही नभए पनि संसारको छानोमा विनाअक्सिजन पुग्न सफल भएकामा हेबलर गर्व गर्छन् । आफ्नो सफलताको श्रेय उनी पर्वतारोहणका पथप्रदर्शन र अन्यलाई दिन्छन् । अरुको सहयोगबाट पनि उत्कृष्ट परिणाम प्राप्त गर्न सकिने दृष्टान्त उनले प्रस्तुत गरेका छन् । *रासस/एएफपी*

# बेलारूसका राष्ट्रपति चीन भ्रमणमा



**बेइजिङ–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका निकटका सहयोगी बेलारुसका राष्ट्रपति अलेक्ज्याण्डर लुकासेन्को चीनको राजकीय भ्रमणमा यहाँ आएका छन् । आफ्ना चिनियाँ समकक्षी सी चिनफिङको निमन्त्रणामा उनको भ्रमण भएको हो ।

युक्रेन युद्धलाई लिएर भूराजनीतिक तनाव बढिरहेका बेला राष्ट्रपति लुकासेन्को भ्रमणलाई पश्चिमा देशले आशंकाका साथ हेरिहेका छन् । चीनले रुसलाई सैन्य सहायता उपलब्ध गराउने विवरण सार्वजनिक भइरहँदा उनीहरू त्यसबाट चिन्तित छन् । अमेरिकाले चीनबाट रुसलाई हतियार सहायता भएमा त्यसले गम्भीर परिणाम ल्याउने चेतावनी दिएको छ ।

राष्ट्रपति लुकासेन्को भ्रमणलाई चीन र बेलारुसबीचको चौतर्फी सहयोग अभिवृद्धि गर्न तथा पारस्परिक सहयोग एवं विकास प्रवर्द्धन गर्ने अवसरका रूपमा लिइएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ ।

राष्ट्रपति लुकासेन्को रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका नजिकका सहयोगी मानिन्छन् । उनले युक्रेनमा मस्कोको आक्रमणलाई समर्थन गरेको छ । बेलारुस आर्थिक र राजनीतिकरूपमा आफ्नो छिमेकीमा निर्भर छ ।

चीनले युक्रेनलाई रक्षात्मक हतियार उपलब्ध गराएर वासिङ्टन र उसका सहयोगीले द्वन्द्वलाई उकासेको अरोप लगाउँदै आएको छ । बेइजिङले शान्ति वार्तालाई प्रवर्द्धन गर्न आफू प्रतिबद्ध रहेको बताउँदै अमेरिकी आरोपलाई धब्बापूर्ण अभियानको संज्ञा दिएको छ ।

'अमेरिकालाई चीन र रुसबीचको सम्बन्धबारे औंला उठाउने अधिकार छैन, हामी कुनै पनि हालतमा अमेरिकी दबाब र जवरजस्ती स्वीकार गर्दैनौं,' विदेश मन्त्रालयका प्रवक्ता माओ निङले सोमबार नियमित पत्रकार सम्मेलनमा भने । बेइजिङले एक वर्ष पुरानो युक्रेन युद्धमा तटस्थ अडान कायम राखेको स्पष्ट गर्दै रुससँगको मैत्री असीमित रहेको बताएको छ ।

चीनले युक्रेन आक्रमणको आलोचना पनि गरेको छैन भने मस्कोलाई युद्ध अन्त्य गर्न आह्वान पनि गरेको छैन । चीनले संयुक्त राज्य अमेरिका र उत्तर एटलान्टिक सन्धि संगठन (नाटो)लाई द्वन्द्व उक्साएको आरोप लगाएको छ भने रुस र उसको सैन्य प्रयासलाई सहयोग गर्ने संस्थाविरुद्ध लगाइएको प्रतिबन्धको निन्दा गरेको छ ।

चीनका विदेशमन्त्री छिन गङले आफ्ना बेलारूसी समकक्षी सर्गेई अलेनिकलाई गत शुक्रबार टेलिफोन गरेर बेइजिङले मिन्स्कसँग पारस्परिक राजनीतिक विश्वासलाई अझ प्रगाढ बनाउन चीन इच्छुक रहेको बताएका थिए । साथै उनले 'बेलारुसको राष्ट्रिय स्थायित्व कायम राख्न सहयोग गर्न जारी राख्ने, बाह्य शक्ति उसको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने वा मिन्स्कमा गैरकानुनी एवं एकपक्षीय प्रतिबन्ध लगाउने प्रयासको विरोध गर्ने' बताएका थिए ।

गत वर्षको सेप्टेम्बरमा राष्ट्रपतिद्वयबीच उज्वेक सहर समरकन्दमा भेटवार्ता भएको थियो । त्यसबेला उनीहरूले पारस्परिक सहयोग एवं रणनीतिक साझेदारीको घोषणा गरेका थिए । युक्रेन र रुससँग सीमा जोडिएको बेलारुसले गत वर्ष युक्रेनमाथि आक्रमण गर्न मस्कोलाई आफ्नो भूमि प्रयोग गर्न अनुमति दिएको थियो । बेलारुसले मस्कोको युद्ध प्रयासमा फेरि सहयोग गर्न सक्ने किभले चिन्ता व्यक्त गरेको छ । *रासस/एपी*

# औषधि कारखाना विष्फोटमा २ को मृत्यु

**नयाँदिल्ली–** भारतको पश्चिमी राज्य गुजरातमा एक औषधि कारखानामा भएको विष्फोटनमा दुई जनाको मृत्यु हुनुको साथै अन्य दुई घाइते भएका जनाइएको छ । गुजरातको राजधानी गान्धीनगरबाट करिब ३९८ किलोमिटर दक्षिणमा पर्ने वल्साड जिल्लाको सारिगाममा अवस्थित गुजरात औद्योगिक विकास निगम (जिआइडिसी) मा राति विष्फोट भएको थियो ।

विष्फोटका कारण कारखानामा आगलागी हुँदा भवनका केही भाग ध्वस्त भएको जनाइएको छ । घटनामा दुई जनाको मृत्यु हुनुको साथै र दुई जना घाइते भएको ती घाइतेलाई अस्पताल लगिएको प्रहरी अधिकारीले जानकारी दिएका छन् । *रासस/सिन्ह्वा*

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार अभिमुखिकरण तालिम संचालन गर्न इजाजत प्राप्त संस्था **श्री प्रधान ओरियण्टेशन एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. (अ.प.नं.१४७)**ले साविकको नाम परिर्वतन गरी **श्री चितावन ओरियन्टेशन एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिर्वतन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUGHAL MAHAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पुर्व स्वीकृति मिति २०७९/०४/०८ पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/१६ LT. No. 267774 चलानी नं. ६०१८३६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 6 | 0 | 155 | ६६,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 135 | ५८,१४५ | | | | | | | |
| 3 | Helper | 20 | 2 | 105 | ४५,२२५ | | | | | | | |
| 4 | Hostess | 0 | 5 | 135 | ५८,१४५ | | | | | | | |
| 5 | Waiter | 5 | 3 | 130 | ५५,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lions International Nepal Pvt. Ltd.** Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4444333/4444642/4412587
Email ID: lions.manpower@gmail.com, lions@mail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE LADY'S CORNER SALON AND HEALTH INSTITUTE CO.

पूर्व स्वीकृति मिति : २०७९/०७/१८ पुन विज्ञापन स्वीकृति मिति:२०७९/११/१६ LT. No. 274812 चलानी नं.६०१९०५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 40 | 150 | ६३,६७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 0 | 8 | 85 | ३६,०८० | | | | | | | |
| 3 | Receptionist | 0 | 8 | 135 | ५७,३०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २४ गते (8th. Mar 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## Zero Cost Recruitment in Malaysia
## मलेसियामा शुन्य लागतको रोजगार

यो मागपत्र शुन्य निति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अघि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अघि ४ दिन), अभिमुखिकरन रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ । This Recruitment Is Conducted Under A Zero-Cost Policy. All This Expenses (Passport 5000 (New Passport Only) Medical 8664, Visa 7064, Transport 750 (During The Interview Two Way And Before Departure One Way) Lodging And Food 450 Per Day (During The Interview 2 Days & Before Departure 4 Days), Orientation 700, Insurance 3708, Wale Fare Fund 1500, Air Ticket) Including Agency Service Charge Will Be Borne By The Employer.

(NAME OF EMPLOYER): MONDELEZ MALAYSIA SDN.BHD.
रोजगारदाता कम्पनी : मोन्डिलेज मलेशिया एस.डीएन.बीएचडी

| पूर्व स्वीकृति मितिः २०७९/११/१४ (Pre Approval Date: 2023-02-26 | चलानी नं.: ६०१९७२९५ (Reference No. 60197295 | LOT No. 281705 | शहरः Malaysia |
|---|---|---|---|

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलव RM | Monthly Basic Salary मासिक तलव ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) फ्याक्ट्री वर्कर | 24 २४ | 0 ० | Proficient in reading, speaking writing understanding in English with +2 pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनु पर्ने | 1500 १५०० | 44,435 ४४,४३५ | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को माहारजगँज काठमाण्डौ बाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक रोजगारीमा जाने कामदारहरूले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कटौती गरिने छैन ।

**Note** : Trust Nepal Overseas Pvt Ltd. doesn't have any branches or recruiting branches, We would like to inform you that if anyone claimsto be a mediatorfor Trust Nepal Overseas that's completely false information. Any worker going for foreign employment through this agency are not required to pay any recruitment fees this means all the recruitment process will be free of cost and also ther will be no deduction from te salary.

**Interview Date /Venue : अन्तर्वाताको मिति र स्थान**
अन्तर्वाता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को माहारजगँज काठमाण्डौ अफिस कार्यालयमा २०७९/११/२४ गते हुनेछ ।
**Interview will be held at Trust Nepal Overseas Pvt Ltd Maharajgunj Kathmandu Office Premises Dated 08 March 2023**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलुक सामाग्रीहरु जस्तै पर्चा ब्यानर फ्लेक्स आदि पुर्ण रूपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand jpt related informative materials such as flyers, banners, flex placed at our office premises.
अन्तर्वातामा सहभागी हुनु हुने उमेदवारहरूले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रुपमा ल्याउन अनुरोध गर्दछौं।
Interview attending candidates must bring their QR Vaccination Certificate at the time of interview.

अन्तर्वाता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।
**The interview shall be conducted by atheringto social distancing guidelines and COVID 19 Protocols.**

अन्तर्वातामा सहभागी हुनु हुने उम्मेदवारहरूले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौ । Interview attending Candidates are strictly required to wear a mask during the interview. अवैध व्यक्ति वा भर्तिकर्ताहरु देखि सावधान रहनुहोस । Be aware of the illegal person or recruiter.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा info@trustnepal.com मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौ । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्दता व्यक्त गर्दछौं । **If any individual or organization tries to demand any recruitment fees by any illegal and suspicious activites with workers by citing Trust Nepal Overseas's name. we request you to contact and report the issues to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your confidentiality is highly respected and your indentity will be duely protected.**

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सुचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: २५९/०५८/०५९,Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोनः ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८, Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com
Hotline No. 9802021361


## Road Division Mahendranagar, Kanchanpur

**Invitation for Bids**

**Notice No: 007-RDMNR/079/80**

**Date of First Publication: 2079/11/17**

1.Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division, Mahendranagar, Kanchanpur invites Open Competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| SN | Contract No. | Name of work | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|
| 1. | RDMNR/ 337310113/ 079/80-38 | Periodic Maintenance of East West Highway (Chainage 900+800 to 911+206) | 7,80,000.00/- | 5,000/- |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Mahendranagar, Kanchanpur or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Division Chief**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०२५०० | प्रति तोला – १०२००० | प्रति तोला – १२७५ |



**हस्तकलाका सामाग्रीमा लोभिए पर्यटक** | काठमाडौंको बसन्तपुरमा बिक्रीका लागि राखिएका हस्तकलाका सामग्री अवलोकन गर्दै पर्यटक ।

*तस्बिर : हरिराम भेट्टवाल/रासस*

# सात महिनामा पौने २३ अर्ब रकमान्तर

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०७९/०८० को सात महिना अवधिमा सरकारले रू २२ अर्ब ७४ करोड ९० लाख बराबर रकमान्तर गरेको छ ।





अर्थ मन्त्रालयले सोमबार सार्जजनिक गरेको 'साउनदेखि माघसम्मको आर्थिक सहायता, थप निकासा, रकमान्तर र स्रोत सहमतिको विवरण' अनुसार यो अवधिमा सरकारले बहुवर्षीय आयोजनाका लागि रू ६३ अर्ब एक करोड छ लाख बराबर रकमको स्रोत सहमति दिएको छ ।

चालु आवको माघ मसान्तसससम्ममा सरकारले एक सय २९ जनालाई आर्थिक सहायता उपलब्ध गराएको छ । विभिन्न समयमा भएको मन्त्रिपरिषद् निर्णयबाट रू पाँच करोड ४६ लाख ३४ हजार बराबर आर्थिक सहायता उपलब्ध गराएको अर्थ मन्त्रालयको विवरणमा उल्लेख छ । त्यसैगरी सरकारले अर्थ विविध शीर्षकबाट पनि रकम निकासा दिएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ अनुसार आव सुरु भएको पहिलो तीन महिनासम्म सरकारले रकमान्तर, स्रोतान्तर र थप निकासा गर्न पाउँदैन । नियमावलीको यो व्यवस्था विपरीत सरकारले गत भदौ महिनामा रू ३० करोड रकमान्तर र रू दुई अर्ब २५ करोड २४ लाख रकम थप निकासा गरेको अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणमा देखिन्छ ।

उक्त विवरणअनुसार गत भदौमा सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको रेलवे विभागको रू २० करोड रकमान्तर गरेर सडक डिभिजन कार्यालय डोटीअन्तर्गत योजनाको जग्गा मुआब्जा बाँड्नका लागि निकासा दिएको छ ।

भदौमै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत राष्ट्रिय सूचना प्रविधि केन्द्रको रू १० करोड बराबर बजेट रकमान्तर गरेर हुलाक प्रशिक्षण केन्द्रको भवन निर्माणका लागि दिइएको छ ।

गत कात्तिक महिनामा सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत उत्तर-दक्षिण राजमार्गको रू १० करोड रकमान्तर गरी बालाजु-त्रिशूली/छहरे-विदुर सडक आयोजनाको मुड्कु-तीनपिप्ले खण्डको स्तरोन्नतिका लागि रकमान्तर गरिएको छ ।

गत पुस महिनामा रू २२ अर्ब दुई करोड ५० लाख बराबर रकमान्तर भएको छ । अर्थ मन्त्रालयका अनुसार पुसमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रमको रू दुई करोड ५० लाख बजेट रकमान्तर गरी झापा भूमिगत जल सिँचाइ आयोजनालाई दिइएको छ । विकास ऋणपत्रका लागि छुट्याइएको रू २२ अर्ब बराबर बजेट ट्रेजरी बिलको साँवा भुक्तानी गर्न अपुग रकम व्यवस्थापन गर्ने प्रयोजनका लागि रकमान्तर गरिएको छ ।

माघ महिनामा रू ३२ करोड ४० लाख बराबर रकमान्तर गरिएको छ । जिल्ला अदालतका लागि छुट्याइएको रू दुई करोड रकम उच्च अदालत दिपायलको नयाँ भवन बनाउनका लागि रकमान्तर गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत बबई सिँचाइ आयोजनाको रू १८ करोड रकमान्तर गरी बाढीबाट क्षतिग्रस्त मेलम्ची पुनःनिर्माण कार्यका लागि रकमान्तर गरिएको छ । सहरी विकास मन्त्रालयअन्तर्गत सहरी करिडोर आयोजनाको रू १२ करोड ४० लाख रकमान्तर गरी बञ्चरे डाँडा ल्यान्डफिल साइट निर्माणका लागि रकमान्तर गरिएको छ ।

# नेप्सेमा सामान्य अंकको गिरावट

## ३.८१ अंकले परिसूचक घट्दा १ अर्ब ३८ करोडको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार झिनो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक तीन दशमलव ८१ अंकले ओरालो लागेर दुई हजार १९ दशमलव ७३ मा सीमित भएको छ ।

यस्तै, ठूला कम्पनीको सेयर कारोबार गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव शून्य ८ अंकले ओरालो लागेर तीन सय ८१ दशमलव ९३ मा सीमित भएको छ । कारोबार भएका १३ उपसमूहको सेयरमध्ये चार उपसमूहको सेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ ।

कारोबार भएकामध्ये ८८ कम्पनीको सेयर मूल्यमा वृद्धि हुँदा एक सय १८ कम्पनीको भने ओरालो लागेको छ । यस्तै, १० उपसमूहको सेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन । कूल ३९ लाख ४६ हजार २४ कित्ता सेयर रु एक अर्ब ३८ करोड ७८ लाख ६५ हजार पाँच सय १५ मूल्यमा खरिद बिक्री भएको छ ।

कारोबारका आधारमा युनिभर्सल पावर शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु सात करोड ५५ लाख ११ हजार पाँच सय ८४ बराबरको कारोबार भयो ।

यस्तै, शिवम् सिमेन्ट रु छ करोड ५० लाख ६९ हजार नौ सय ८९, सानिमा माई हाइड्रोपावर रु छ करोड ४६ लाख १३ हजार नौ सय ७७, नेपाल पूर्वाधार बैंक रु तीन करोड ७६ लाख २४ हजार पाँच सय ७६ र हिमालयन डिस्टिलरी रु तीन करोड ४४ लाख ६० हजार आठ सय १९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार आँधीखोला लघुवित्त, आर्दश लघुवित्त र खप्तड लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । यस्तै, सिद्धार्थ इन्स्योरेन्स छ दशमलव १४, सपोर्ट माइक्रोफाइनान्सका लगानीकर्ताले पाँच दशमलव ७६ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, प्रिमियर इन्स्योरेन्स तीन दशमलव ८५, राप्ती हाइड्रो तीन दशमलव ८४, सामलिङ पावर तीन दशमलव ७९, तारागाँउ रिजेन्सी होटल तीन दशमलव ७८, स्वाभिमान लघुवित्तका लगानीकर्ताले तीन दशमलव २९ प्रतिशतले गुमाएका छन् ।

# चितवन फुटवेयर एक्स्पो आजदेखि

**चितवन (प्रस)–** प्रथम चितवन फुटवेयर एक्स्पो आज (बुधबार)बाट सुरु हुनेभएको छ । चितवन उद्योग सङ्घ र नेपाल जुत्ता घरको संयुक्त आयोजनामा एक्स्पो गर्न लागिएको हो । चितवन उद्योग सङ्घको औद्योगिक प्रदर्शनीमा एक्स्पो हुन लागेको हो । चैत १७ गतेसम्म चल्ने एक्स्पोमा नेपालमा उत्पादित जुत्ता चप्पल तथा छालाजन्य वस्तु र स्वदेशमा तयार गरिएका जुत्ता चप्पल, महिला, पुरुष सबैलाई हुने जुत्ताचप्पल राखिने जुत्ता घरका अध्यक्ष होमनाथ उपाध्यायले जानकारी दिए ।

विराटनगर, पोखरा, धरानलगायतका ठाउँमा एक्स्पो सम्पन्न गरी चितवनमा गरिएको उनले बताए । पत्रकार सम्मेलनमा उपाध्यायले एक्स्पोमा १० भन्दा बढी ब्राण्डका ४० स्टलबाट एक हजार भन्दा धेरै प्रकारका जुत्ता एकै ठाउँमा पाउन सकिने बताए । स्वदेशी उत्पादनका बारेमा आम उपभोक्तालाई स्थलगत अवलोकन गराई आफ्ना उत्पादनका बारेमा जानकारी गराउने उद्देश्यले एक्स्पो गर्न लागिएको हो । नेपाली उत्पादनको प्रवर्द्धन गर्नका लागि एक्स्पो गर्न लागिएको हो ।

प्रत्यक्ष उपभोक्तासँग छलफल गर्दै काम गर्न, नेपाली उत्पादनको प्रचारप्रसार गर्दै बाह्य बजारसमेत विस्तार गर्ने उद्देश्यका साथ एक महिना लामो एक्स्पो गर्न लागिएको उनले जानकारी दिए ।

# बैंक तथा वित्तीय संस्थामा देखिएका समस्या समाधानको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाऊ महाभियानले बैंक तथा वित्तीय संस्थामा देखिएका समस्या समाधानका लागि पहल गर्न सरकारसँग आग्रह गरेको छ । अहिले बैंक तथा वित्तीय संस्थाका ऋणी कर्जा तिर्न सक्ने अवस्थामा नरहेकाले नियामक र सरकारबाट यसको उचित व्यवस्थापनका लागि महाभियानले माग गरेको हो । बैंक तथा वित्तीय संस्थाले चर्को ब्याज असुल गर्ने गरेका कारण ऋणीहरू समस्यामा परेकाले ब्याजदर घटाइनुपर्ने माग छ ।

'रु २० लाखभन्दा बढी ऋण चारदेखि पाँच प्रतिशत ब्याजदरमा दिनुपर्ने, निक्षेपको ब्याज छ प्रतिशतभन्दा बढी हुन नहुने, सरकारी सङ्घसंस्थाको पुँजी शून्य प्रतिशत ब्याजदरमा बैंकमा राख्नुपर्ने र धितो लिलाम गरिएका ऋणीको कर्जा पुनःसंरचना गरिनुपर्छ', महाभियानका संयोजक दुर्गा प्रसाईले भने । नेपालमै रोजगारको प्रत्याभूति गर्नुपर्ने माग पनि महाभियानले राखेको छ ।



'उच्च शिक्षा हासिल गर्न विदेश जाने बाटो बन्द गरी नेपालमै थप विश्वविद्यालय खोली उच्च शिक्षा हासिल गर्न पाउने वातावरण मिलाउनुपर्ने, बेरोजगार युवालाई बिना धितो ऋण उपलब्ध गराउनुपर्छ', प्रसाईले भने । कार्यक्रममा नेपाल व्यापार सङ्घका अध्यक्ष हरि गौतमले भने, 'वर्तमान समयमा व्यापार व्यवसायी चर्को ब्याजदरको मारमा छन् । ब्याजदर घटाउनु पर्छ । मुलुकमा व्यापार व्यवसायतर्फ आकर्षित युवालाई हतोत्साहित बनाउनु गलत हो ।'

महाभियान कुनै पार्टी र व्यक्ति विरोधी नभई नागरिकका वर्तमान समस्यालाई कदर गरी मुलुकभित्र शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर उपलब्ध गराई स्वदेशमै केही गरौं भन्ने उद्देश्यले १५बुँदे मागसहित महाअभियान सञ्चालन गर्ने आयोजकले जनाएको छ ।

# बचतकर्ताको पैसा फिर्ता गरिँदै

**काठमाडौं (प्रस)–** सहकारी व्यवस्थापन समितिको कार्यालयले समस्याग्रस्त चार सहकारीका बचतकर्तालाई पैसा फिर्ता गर्न थालेको छ ।

सरकारले समस्याग्रस्त घोषणा गरेका १२ सहकारीमध्ये चार सहकारीका बचतकर्तालाई बचत फिर्ता गर्न थालिएको समितिका सदस्य सचिवसमेत रहेका कार्यालय प्रमुख केशवप्रसाद पौडेलले जानकारी दिए । समितिले स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडका ११, प्यासिफिक सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडका आठ, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडका दुई र कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तीन जनालाई बचत फिर्ता गरेको हो ।

स्टाण्डर्ड मल्टिपर्पोज कोअपरेटिभका बचतकर्ताको सबै बचत यसअघि नै फिर्ता गरिएको समितिले जनाएको छ । सरकारले समस्याग्रस्त घोषणा गरेकामा ओरेण्टल कोअपरेटिभ लिमिटेड, स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड र लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड छन् ।

यसैगरी प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् ।

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम १२ सहकारीलाई सरकारले समस्याग्रस्त घोषणा गरेको हो । समस्याग्रस्त सहकारीको व्यवस्थापनको काम समितिले गर्ने व्यवस्था पनि ऐनमा गरिएको छ । यही व्यवस्थाअनुसार सबै सहकारीका बचतकर्ताको पैसा फिर्ता गरिने बताइएको छ ।

बालविवाह सामाजिक र कानूनी अपराध हो ।

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ